


PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ भदौ ०३ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 August 19 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ०२

## प्रतीक दैनिकको ३५औं वार्षिकोत्सव

# पत्रकारले सूचना मात्र प्रवाह गर्नुपर्छ –नगरप्रमुख सरावगी

प्रस, वीरगंज, २ भदौ/

वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगीले पत्रकारले न्यायाधीशको भूमिका निर्वाह नगरी सूचना प्रवाह गर्नुपर्ने बताएका छन् ।

प्रतीक दैनिकको ३५औं वार्षिकोत्सव तथा सुबोध स्मृति पुरस्कार वितरण समारोहमा प्रमुख अतिथि नगरप्रमुख सरावगीले पत्रकारले समाचार मात्र पस्कनुपर्ने तर केही पत्रकारले आफूलाई न्यायाधीशको भूमिकामा प्रस्तुत गर्ने गरेको आरोप लगाए । उनले प्रतीक दैनिकले ३५ वर्षदेखि पत्रकारिता क्षेत्रमा निर्वाह गर्दै आएको भूमिकाको प्रशंसा गरे । वीरगंजबाट प्रकाशित पत्रिकाहरूमा अहिलेसम्म प्रतीकले आफूलाई पृथक भूमिकामा विश्वसनीयता कायम गर्दै आएको बताए ।

उनले पत्रकारिता क्षेत्रको विकासका लागि आफूले सक्दो सहयोग गर्दै आएको र गर्ने प्रतिबद्धता जाहेर गरे । नगरप्रमुख सरावगीले पत्रकारिताको विकासको लागि आफूले छात्रवृत्तिको व्यवस्था गरे पनि अहिलेसम्म त्यसको उपयोग नभएको बताए । पत्रकारिताका विभिन्न विधामा अध्ययन गर्न चाहनेहरूलाई महानगरले छात्रवृत्ति उपलब्ध गराउने उनले दोहोऱ्याए ।

कार्यक्रममा नगरप्रमुख सरावगीले यस वर्षको सुबोध स्मृति पत्रकारिता पुरस्कार फोटोपत्रकार दिवाकर भण्डारीलाई प्रदान गरेका थिए । पुरस्कारको राशि रु ३५ हजार छ । रु १० हजार राशिबाट शुरू भएको यो पुरस्कार आगामी वर्ष रु ५१ हजार राशिको हुने प्रतीक दैनिकका प्रधानसम्पादक जगदीशप्रसाद शर्माले घोषणा गरे ।

प्रतीक प्रकाशन समूह प्रालिका अध्यक्ष बिन्दु शर्माको अध्यक्षतामा आयोजित कार्यक्रममा उपप्रमुख शान्ति कार्कीले प्रतीक दैनिकले ३५ वर्षदेखि निरन्तर जनतालाई सुसूचित गर्दै आएको र आगामी दिनमा पनि यसले आफ्नो भूमिका इमानदारीपूर्वक निर्वाह गर्ने विश्वास व्यक्त गरिन् ।

वीरगंज उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष हरि गौतमले आमाको नाममा पत्रकारिता पुरस्कार दिने इच्छा भएपनि सो इच्छा अहिलेसम्म पूरा नभएको बताए । उनले प्रतीकले चौध वर्षदेखि सुबोध स्मृति पत्रकारिता पुरस्कारलाई निरन्तरता दिंदै आएको र राशि पनि बढाएकोमा खुशी व्यक्त गरे ।

नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारीले पछिल्लो समयमा फोटो पत्रकारिताको अवस्था जर्जर भएको र फोटो पत्रकारिता पुरस्कार दिनलाई पनि समस्या भएको बताए । उनले फोटो पत्रकारिताको विकासको लागि नेपाल फोटो पत्रकार महासङ्घ पर्सा शाखासँग सहकार्य गरेर फोटो पत्रकारितालाई अगाडि बढाउने हरसम्भव सहयोग गर्ने बताए ।

सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले वीरगंजको पत्रकारितालाई आफूले पनि एक दशकदेखि अनुभव गर्न पाएको र प्रतीकले अहिलेसम्म विश्वसनीय पत्रिकाको रूपमा पहिचान बनाएको बताए । प्रतीकले गरेको पत्रकारिताको सिको यहाँका अरू पत्रिकाले पनि गर्नुपर्ने सुझाव दिए ।

कार्यक्रममा नेपाल फोटो पत्रकार महासङ्घ, पर्साका अध्यक्ष विजय चौहान, भोजपुरी साहित्य प्रतिष्ठान पर्साका अध्यक्ष उमाशङ्कर द्विवेदीले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा प्रतीक दैनिकका सम्पादक प्रताप श्रेष्ठलाई उपप्रमुख कार्कीले पुरस्कार राशि रु १५ हजार, प्रशंसापत्र र माला लगाएर सम्मान गरेकी थिइन् । यसैगरी, स्तम्भकार शीतल महतो अनुपस्थित थिए । उनको पुरस्कार सम्पादक शत्रुघ्न नेपाललाई सप्रजिअ पौडेलले प्रदान गरेका थिए । स्तम्भकार महतोलाई रु १० हजार र प्रशंसापत्र दिइएको थियो । वीरगंज भन्सारका प्रमुख भन्सार अधिकृत हरिहर पौडेलले मेशिन अपरेटर महेशप्रसाद रामलाई पुरस्कृत गरेका थिए ।

यसैगरी, वार्षिकोत्सवको अवसरमा यस वर्ष पनि सफाइकर्मीहरूलाई नगद सहयोग गरिएको थियो । सहायक प्रजिअ भीमकान्त पौडेल, वीरगंज महानगरका प्रमुख प्रशासकीय अधिकृत प्रदीप निरौला, सफाइ अधिकृत राजु साह, सर्फुद्दीन मियाँले नगदबाट पुरस्कृत गरेका थिए ।

कार्यक्रममा प्रधानसम्पादक जगदीशप्रसाद शर्माले स्वागत र सम्पादक प्रताप श्रेष्ठले सहजीकरण गरेका थिए ।



फोटो पत्रकार भण्डारी (बायाँ) र सम्पादक श्रेष्ठ (दायाँ)लाई पुरस्कृत गर्दै नगरप्रमुख सरावगी र उपप्रमुख कार्की



मेशिन अपरेटर रामलाई पुरस्कृत गर्दै भन्सार अधिकृत पौडेल र सफाइकर्मीलाई नगद दिंदै



कार्यक्रममा सहभागीहरू



सामूहिक तस्वीर खिचाउँदै प्रतीक दैनिकसँग आबद्धहरू । तस्वीरः प्रतीक

## ज्येष्ठ नागरिक सङ्घको सूचना

**ज्येष्ठ नागरिक सङ्घका साथीहरूलाई फिजोयोथेरापीसम्बन्धी जानकारीमूलक गोष्ठी तथा ज्येष्ठ नागरिक दिवसमा सहभागी बन्न अनुरोध छ। कोरोनाको बेला भौतिक दूरी कायम राख्दै थोरै मात्र साथीहरूलाई सहभागी गराइने भएकोले शुक्रवारसम्म नाम दर्ता गराउन अनुरोध छ। छुट भएका साथीहरूको लागि कार्यक्रमलाई नियमितता दिइनेछ।**

**कार्यक्रम:-**
**मिति : ५ गते भदौ**
**समय : बिहान ८ बजे**
**स्थान : प्रतीक दैनिक भवन**

# ६ जना महिलासहित ६२ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, २ भदौ/

वीरगंजमा मङ्गलवार र बुधवार दुई दिन भएको रक्तदान कार्यक्रममा ६ जना महिलासहित ६२ जनाले रक्तदान गरेको रक्त सञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए ।



तस्वीरः प्रतीक

बुधवार सामाजिक संस्था जिल्ला समन्वय समितिको वार्षिकोत्सवमा आयोजना गरिएको रक्तदान कार्यक्रममा बृजकिशोर पटेल, गोविन्द देवकोटा, जया साह, अनिता गिरी, सलोनी पटेल, शोभा यादव, मञ्जु यादव, लवकुशकुमार सिंहसमेत चारजना महिला र २० जना पुरुष गरी २४ जनाले रक्तदान गरेको प्राविधिक प्रमुख पाण्डेले बताए ।

यसैगरी, मङ्गलवार आइएमई इन्स्योरेन्स कम्पनीले माईस्थानमा गरेको रक्तदान कार्यक्रममा दुईजना महिलासहित ३८ जनाले रक्तदान गरेका थिए । रक्तदान गर्नेहरूमा पिङ्की सर्राफ, रविशङ्कर सर्राफ, शाहीद आलम, अब्दुल आलम, जालीम आलम, श्याम महतोलगायत रहेका थिए ।

# बज्जिकासेवी मित्र सम्मानित

प्रस, गरुडा, २ भदौ/

बज्जिका भाषाको सेवा गरेर जिल्लाको नाम उँचो पारेको भन्दै साहित्यकार तथा बज्जिकासेवी सञ्जय साह मित्रलाई रौतहटमा सम्मानित गरिएको छ । रौतहटको चन्द्रपुरबाट प्रकाशित हुँदै आएको तराई एक्सप्रेस दैनिकको पन्ध्रौं वार्षिकोत्सवको अवसरमा बज्जिकासेवी मित्रलाई सम्मानित गरिएको हो ।



कार्यक्रममा सम्मानित हुँदै बज्जिकासेवी सञ्जयसाह मित्र । तस्वीरः प्रतीक

बज्जिका शिरोमणि तथा मधेसरत्न सम्मान र विभूषणसहित दर्जनौं सम्मान तथा पुरस्कारबाट विभिन्न सङ्घसंस्थाबाट सम्मानित भइसकेका साहित्यकार मित्रलाई नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य शिव पुरी र चन्द्रपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधानले सम्मानित गरेका थिए । मित्र साढे दुई दशकभन्दा लामो समयदेखि प्रतीक दैनिकसित आबद्ध छन् ।

पत्रिकाको वार्षिकोत्सवको अवसरमा नेपाल पत्रकार महासङ्घ रौतहट शाखा अध्यक्ष प्रेमचन्द्र झा, तराई एक्सप्रेस दैनिकका सहसम्पादक रूपेन्द्र पटेल तथा बजार व्यवस्थापक गोपाल तिमल्सिनालाई पनि सम्मानित गरिएको थियो ।

पत्रिकाका प्रकाशक तथा प्रधानसम्पादक अशोक पहाडीको सभापतित्वमा भएको कार्यक्रममा मन्तव्य व्यक्त गर्दै विभिन्न क्षेत्रका महानुभावहरूले छापा सञ्चारका समस्या तथा फेसबूके पत्रकारिताबारे चर्चा गरेका थिए ।

## छोटकरी

### डुबेर बालिकाको मृत्यु

प्रस, पंचगावाँ, २ भदौ/

पटेर्वासुगौली गाउँपालिका-४ स्थित पोखरीमा डुबेर एकजना बालिकाको मङ्गलवार मृत्यु भएको छ ।

पटेर्वासुगौली गापा-१ बस्ने राजेन्द्र बैठाकी १२ वर्षीया छोरी अन्तिमाकुमारी बैठा बाख्रा चराउन गएको बेला सो पोखरीमा नुहाउने क्रममा डुबेर मृत्यु भएको पर्सा प्रहरीले जनाएको छ ।

**कुनै पनि स्वास्थ्य समस्या भएमा नजीकैको स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क गरौं ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

## विचारसार एवं सूक्तिहरू

**तासको खेलमा एक्का र मानिसको जिन्दगीमा दबदबा जबसम्म चल्छ, दुनियाँले सलाम ठोक्छ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# अर्काको भर

**अफगानिस्तानमा झन्डै २१ वर्षपछि पुन: तालिबानीहरूको कब्जा भएको छ। तालिबानी विद्रोहीहरूले विश्वको सर्वाधिक शक्तिशाली मुलुक अमेरिका र विश्वकै अत्याधुनिक अस्त्रशस्त्रले सम्पन्न नेटो सेनाको २१ वर्षको नियन्त्रण ध्वस्त पार्दै सत्ता हात पार्न सफल भएका हुन्। यसो भनिरहँदा नेटो सेनासँग भिडेर उनीहरूले विजय प्राप्त गरेका होइनन् अपितु नेटो सेना अफगानिस्तानबाट बाहिरिएपछि मात्र एक सातामा उनीहरूले देशका विभिन्न प्रान्तमा विजय हासिल गर्दै राजधानी काबुल प्राप्त गरेका थिए। अफगानिस्तानको सरकारी सेनाले विनाप्रतिरोध तालिबानी विद्रोहीलाई एक–एक गर्दै २२ प्रान्त र राजधानी काबुलमा कब्जा गर्न दियो। शक्तिशाली राष्ट्रहरू र तिनका शक्तिशाली सैन्य गठबन्धनसँग २१ वर्षसम्म लडेका विद्रोहीले कसरी यति सजिलै अफगानिस्तान कब्जा गर्न सके, विस्मयको कुरा भएको छ। अफगानिस्तानको सरकारी सेनालाई नेटो सैन्य विज्ञहरूले निरन्तर प्रशिक्षण दिएका थिए, अत्याधुनिक हतियार र युद्धका बन्दोबस्ती सामानले सुसज्जित पारेका थिए। अहिले नेटो सैनिक अफगानिस्तानबाट बाहिरिइसकेपछि पनि, आफ्ना नागरिक तथा मातहतका विदेशी नागरिकको सुरक्षित बहिर्गमनका लागि केही सय अमेरिकी सैनिक, अफगानिस्तानको अन्तर्राष्ट्रिय विमानस्थलमा तैनाथ छन् र सफलतापूर्वक नागरिकलाई अफगानिस्तानबाहिर पठाइरहेका छन्। त्यहीं ठूलो सङ्ख्यामा रहेका अफगानी सैनिकहरू किन प्रतिरोध नै नगरी आत्मसमर्पणको अवस्थामा पुगे ?**

**यस प्रश्नको दुईवटा उत्तर हुन सक्छ। पहिलो, सरकारी सेना अन्तर्मनबाट तालिबानीका साथ थियो। दोस्रो उनीहरूले आफ्नो लडाइँ कहिले लडेनन्, जति पनि युद्ध भयो, त्यो नेटो सेनाले लड्यो। सन् २००१ मा अमेरिकाको न्युयोर्कस्थित बहुतल्ले ट्विन–टावरमा अल कायदाले हमला गरी क्षति पुऱ्याएपछि, त्यसका नेता ओसामा बिन लादेनलाई मार्न, किनकि अफगानिस्तानको सत्तामा रहेका तालिबानीहरूले लादेनलाई आश्रय दिएका थिए, अमेरिकाले अफगानिस्तानमा हमला गऱ्यो र तालिबानीहरूलाई सत्ताच्युत गरेर आफ्नो कठपुतली सरकार बनायो। सबैलाई थाहा छ कठपुतली आफैं नाच्दैन, उसलाई नचाउन कोही चाहन्छ। नचाउने मान्छे छैन भने कठपुतली नाच्दैन। नतीजा प्रत्यक्ष देखियो, विद्रोहीभन्दा बढी सङ्ख्यामा भएको सरकारी सेना मानसिकरूपले पस्त भयो। राष्ट्रपति पलायन भए।**

**नेटो सेना अफगानिस्तानमा रहुन्जेल बनेको कठपुतली सरकार ढुक्क थियो, उसको सुरक्षा विदेशी राष्ट्रहरूले गर्छन् भनेर। आफूलाई सक्षम र आफ्नो सेनालाई भरपर्दो बनाउनुभन्दा नेटोमाथि भर पऱ्यो। कुनै बाह्य राष्ट्रले कति घरी कसैको लागि लडाइँ लड्छ ? उसको राष्ट्रिय स्वार्थ पूरा हुनेबित्तिकै बाहिरिन्छ। अमेरिकालाई लादेनको शव चाहिएको थियो, त्यो पायो। अब आफ्नो धन र जनको क्षति कतिन्जेल बेहोर्ने ? हो, लादेनलाई मारेपछि पनि लामो समय अमेरिकाले अफगानिस्तान छाडेन, एउटा मात्र कारण थियो, उसले अफगानिस्तान छाड्नेबित्तिकै तालिबानी पुन: सत्तामा आउँछन् र अमेरिकाविरोधी कुनै आतङ्कवादीलाई शरण दिन्छन्। अफगानिस्तानको कथा प्रत्यक्ष छ। नेपाल पनि आजसम्म कुनै पनि मामिलामा अरूको भरमा बाँचिरहेको छ। फूटपाथमा रेलिङ लगाउने कुरा होस् वा विश्वविद्यालयको एउटा भवन बनाउन होस् अथवा कोरोनाविरुद्ध खोपको कुरा होस्, अरूको मुख ताक्ने बानीले अफगानिस्तानको हबिगत बेहोर्नु नपरोस्, समयमैं सचेत हुनु आवश्यक छ।**

# मन दुखाउने शैक्षिक परिदृश्यहरू

स्वतन्त्र विचार



सञ्जय साह मित्र

mitrasanjay41@gmail.com

**देशका विभिन्न क्षेत्रका परीक्षार्थीले पासमार्क मात्रै होइन, प्रमाणपत्रमा विशिष्ट श्रेणी छ, प्रतिस्पर्धी परीक्षामा पनि त्यही गुणस्तर देखियोस्। यसले गर्दा ती परीक्षार्थीहरू जुन सेवा क्षेत्रमा जान्छन्, त्यस क्षेत्रमा उच्च गुणस्तरका कर्मचारी पुगिरहेका छन् भन्ने सबैलाई पर्छ।**

अलिक पहिले पहाडको एउटा बजारमा सुनेको थिएँ– न्याय नपाए गोर्खा जान् भन्ने उखानजस्तै सर्टिफिकेट नपाए तराई जान्। व्यङ्ग्य होइन, जिज्ञासापूर्वक एक अग्रज मित्रले माथिको भनाइ राख्दै सोधेका थिए मलाई। पूरै त होइन तर आंशिक सत्यता रहेको मैले कुन अर्थमा भनेको थिएँ भने कतिपय शैक्षिक संस्थाले परीक्षामा लापरवाही गर्ने गरेकाले कतै कतै यस्तो अवस्था देखिएको हुन सक्छ। तराईमा नै सबैतिर यस्तो छैन। मित्रले अब पहाडतिर पनि शिक्षामा लापरवाही हुन थालेको गुनासो गरेका थिए।

न्याय नपाए गोर्खा जान् भन्ने उखानलाई त इतिहास नै मान्नुपर्ने हुन्छ। यो उखान केवल उखानको रूपमा प्रचलित छ तर सर्टिफिकेट नपाए तराई जान् भन्ने कथनमा तराईको शिक्षा प्रणाली कमजोर रहेको स्पष्ट सन्देश लुकेको छ। तराईमा पढाइ अर्थात् शिक्षाको गुणस्तर कमजोर रहेको र सर्टिफिकेट सजिलै पाइने भन्ने अर्थ यसले दिइरहेको छ। तर के अवस्था यस्तै छ त ?

बितेको साउन महीनामा रौतहटको एउटा शैक्षिक संस्थाले विज्ञापन गरेर लेखापाल खोज्यो। संयोगले एक दर्जन निवेदन आयो। तोकिएको मितिमा परीक्षा भयो तर एकजनाले पनि लिखित परीक्षा उत्तीर्ण गर्न आवश्यक नम्बर ल्याउन सकेन।

धेरैले यो कुरा फैलाए कि शिक्षा कस्तो कमजोर भइसक्यो ? लिखित परीक्षामा एकजना पनि पास गर्न नसक्ने शिक्षा भयो। अलिकति स्तरीय प्रश्नपत्र निर्माण गरेर पूर्णतया फेयर एक्जाम लिने हो भने अहिले पढेका विद्यार्थीहरूको हविगत यस्तै हुने एक किसिमले यथार्थपरक आरोप आउन थालेको छ। र, माथिको दृष्टान्त हेर्ने हो भने यो आरोप होइन यथार्थ लाग्न सक्छ तर सबै चाहिं यस्तै हुन् भन्ने होइन। सबै शिक्षालय वा सबै विद्यार्थी यस्तै हुन् भन्ने हुँदै होइन।

हालै अर्को पनि एउटा भयावह परिदृश्य सामुन्ने आएको छ। हालै नर्सिङ तथा फार्मेसी अध्ययनका लागि लिइएको प्रवेश परीक्षाको नतीजा पनि यस्तै उदेकलाग्दो देखिएको छ। परीक्षामा उत्तीर्ण हुनको लागि सरकारले निर्धारण गरेको मापदण्ड अनुसार परीक्षा लिंदा सरकारले तोकेको कोटाभन्दा ज्यादै कम सङ्ख्यामा परीक्षार्थीहरू पास भएको देखिएको छ। हुन त सरकारले विभिन्न सातवटा विधामा परीक्षा लिएको थियो र एउटाबाहेक सबै छवटा कोटामा सरकारले निर्धारण गरेको कोटा अर्थात् आवश्यकताभन्दा निकै कम परीक्षार्थी उत्तीर्ण भएका छन्। एउटा उदाहरण यहाँ हेर्न सकिन्छ। सरकारले बिएस्सी नर्सिङका लागि एक हजार दुई सय चालीस कोटा निर्धारण गरेको थियो। यस कोटाका लागि तीन हजार चार सय अठहत्तर परीक्षार्थीले परीक्षा दिएका थिए। जब रिजल्ट आयो तब केवल पाँच सय चारजना मात्र उत्तीर्ण भए। यसको अर्थ यो देखियो कि यसै अवस्थामा सात सय छत्तीस कोटा खाली जान्छ। जति सङ्ख्यामा उत्तीर्ण हुनुपर्ने हो, त्यसको आधा सङ्ख्यामा पनि परीक्षार्थी उत्तीर्ण नहुने अवस्था देखिएको छ। कम्तीमा यस नतीजाले यही देखाएको छ।

आवश्यकताभन्दा धेरै बढीले आवेदन दिनु तथा परीक्षामा सहभागिता जनाउनुले यो स्पष्ट हुन्छ कि परीक्षा दिएको विषयमा अध्ययन गर्ने धेरैको चाहना वा सपना छ तर परीक्षाको नतीजामा आवश्यकताभन्दा कम उत्तीर्ण हुनुले दुई कुरालाई दर्शाएको छ। पहिलो यो कि जो पास भएका छन् तिनीहरूबीच पनि निकै ठूलो प्रतिस्पर्धा भएन र दोस्रो उत्तीर्ण हुन नसकेकाहरूले आवश्यक परिश्रम गरेनन्। सबै ठाउँमा यो कुरो सही नहोला। माथिको नतीजाले यो पनि स्पष्ट पारेको छ कि कुनै निश्चित ठाउँ वा भूगोलमा पढाइ कमजोर छ, शिक्षा खत्तम भयो, विद्यार्थीले सिक्न पाएनन् भन्ने होइन। यस किसिमको प्रकृति झन्डै सर्वत्र भइसकेको छ। वा, यस प्रवृत्तिले धेरै विस्तार प्राप्त गरिसकेको छ।

**यसको मूल कारण के होला ? विमर्श अत्यावश्यक देखिएको छ।**

गत वर्ष कक्षा बाह्रमा अधिकांश परीक्षार्थीले राम्रो नम्बर ल्याए। कक्षा एघारका साथै एसइईका परीक्षार्थीले पनि धेरै राम्रो नम्बर पाएको देखिएको थियो। सबैले राम्ररी बुझेका छन् कि अहिले पनि कक्षा एघारको परीक्षार्थीले धेरै राम्रो नम्बर पाउने छन्। केही दिन पहिले आएको एसइई परीक्षाको नतीजामा पनि परीक्षार्थीहरूले निकै राम्रो रिजल्ट पाएको सत्य हो। यसरी नम्बर बढी आउनु भनेको सामान्य अवस्थामा निकै राम्रो मान्नुपर्छ तर यो गत वर्ष कक्षा बाह्र उत्तीर्ण गरेकाहरूले नै यसपटक मेडिकलतर्फको परीक्षा दिएका हुन्। धेरैको विश्लेषण के रहेको छ भने विद्यार्थी धेरै नम्बर पाएर खुशी त भए तर प्रतिस्पर्धाको तयारी गर्न सकेनन् वा नम्बरको आधारमा आफूलाई जे बन्न योग्य ठानिरहेका थिए, त्यो बन्ने योग्यता नै नरहेकोले आफूलाई उच्च कोटिको ठान्न पुगेका मात्र हुन्।

चालू आर्थिक वर्षको बजेट ल्याउँदा शिक्षकहरू असन्तुष्ट छन्। अन्य कर्मचारीको तुलनामा सुविधा कम भएको आन्दोलनकारी पक्षको भनाइ छ। घुमाउरो किसिमले राज्यले शिक्षक वा शिक्षा क्षेत्रको उचित सम्मान गर्न नसकेको आरोप रहेको छ तर शिक्षाको स्तर कमजोर हुनुमा यो कारण चाहिं होइन किनभने बजेट गत जेठमा आएर अहिले कार्यान्वयनमा आएको हो।

शिक्षामा राज्यको ठूलो लगानी छ तर लगानी अनुरूप प्रतिफल नआएको गुनासो सबैतिरबाट आउने गरेको छ। यसको मूल कारण के होला ? यसको मूल कारणबारे सम्बद्ध पक्षले नजाने–बुझेको होइन। अझै पनि कतिपय यस्ता विद्यालय छन्, जहाँ कक्षा दशसम्म पढाइ त हुन्छ, तर माध्यमिक तहका एकजना शिक्षक छैनन्। शहरी क्षेत्रका विद्यालयमा शिक्षक र विद्यार्थीको अनुपात मिलेको होला, तर अधिकांश ग्रामीण क्षेत्रमा भने अभाव देखिन्छ।

विद्यालय शिक्षालाई स्थानीय तहको जिम्मा छोडेपछि शिक्षा कमजोर बन्ने अनुमान पहिले नै गरिएको थियो। अहिले प्रतिस्पर्धाको क्षेत्रमा जसरी कमजोर देखिने र पढाइको प्रमाणपत्रमा जसरी उच्च गुणस्तर देखिने गरेको छ, यी दुईमा देखिएको खाडल भर्नु आवश्यक छ। हुनत प्रयोगात्मक परीक्षाको अङ्कभारले परीक्षार्थीको नतीजा राम्रो आएको भनिन्छ तर प्रयोगात्मक परीक्षा विद्यालयमा सञ्चालन हुन्छ कि हुँदैन ? तराई–मधेसका अधिकांश विद्यालयमा कुनै पनि प्रयोगात्मक परीक्षा हुँदैन भन्ने गुनासो रहेको छ। प्रयोगात्मक परीक्षा लिने विद्यालयलाई, अर्को वर्षदेखि विद्यार्थी कम पाउने डर हुन्छ। यस कारण परीक्षार्थीलाई प्रयोगात्मक परीक्षाको हाजिरीमा सोझै हस्ताक्षर गराउने र सम्भव भएसम्म उच्च अङ्क प्रदान गर्ने परिपाटी विकसित भएको छ। यसले गर्दा परीक्षार्थीहरूले के बुझेका छन् भने जुनसुकै विषयको भए पनि प्रयोगात्मकको कुल प्राप्ताङ्कप्रति आफ्नो हक छ। एकाध नम्बर कम हुँदासम्म सहन सकिने कुरो हो र त्योभन्दा बढी कुनै शिक्षकले कम नम्बर दिए, मलाई कम र फलानोलाई बढी नम्बर दिएको भनेर साथीभाइसहित गएर सम्बन्धित शिक्षकलाई धम्क्याउने शैलीमा सोध्ने गर्छन्।

शिक्षा स्थानीय तह मातहत गएपछि शिक्षक कमजोर र विद्यार्थी शक्तिशाली भएका छन्। त्यसैले विद्यालयमा नैतिक शिक्षाको माग हुने गरेको छ। विद्यालयमा अनुशासनको परिपालन असम्भव बन्दै गएको छ। विद्यार्थीमा पढ्ने चाहना औसतमा हराउँदै गएको छ र बढी तर्कको नामका कुतर्क गर्ने प्रवृत्ति विकसित भएको छ। जुनसुकै कुरामा आफ्नो अधिकार देख्न थालेका छन् र शिक्षकहरू डराएरै विद्यार्थीको क्षमताभन्दा बढी नम्बर दिने बाध्यतामा परेका छन्। एकातिर उदार कक्षोन्नति गर्नुपर्ने वा हुने भएपछि सानैदेखि पढाइ नगरे पनि पास होइन्छ भन्ने मनोविज्ञान बन्दै गएको छ भने जो जस्तो भए पनि राम्रै नम्बर दिएर पास गराइदिउँ भन्ने शिक्षकमा जन्मँदै गएको छ। यसले गर्दा विद्यार्थीको प्रमाणपत्रमा राम्रो नम्बर हुन्छ तर जब प्रतिस्पर्धामा उत्रन्छ, निकै पछाडि पर्छ।

अहिले बालबालिकामा सानैदेखि प्रतिस्पर्धी भावना जगाउनुपर्ने आवश्यकता छ। सानैदेखि बालबालिकामा पढ्नुपर्छ भन्ने भावना जगाउनुपर्ने आवश्यकतालाई व्यवहारमा लागू गर्दै प्रतिस्पर्धी भावना जगाउने हो भने भोलिको दिनमा प्रमाणपत्र र त्यसको गुणस्तरबीचको खाडल कम होला भन्ने आशा पलाउँछ। माथि भनिएको कक्षा बाह्रसम्म पुगेका विद्यार्थीहरू उदार कक्षोन्नतिले गर्दा, नपढे पनि पास हुँदै गएको हुनुपर्छ। अहिले मेडिकलतिरको परीक्षामा यस प्रकारको नतीजा देखिएको छ। यस किसिमको नतीजा अन्य क्षेत्रमा नदेखियोस्। देशका विभिन्न क्षेत्रका परीक्षार्थीले पासमार्क मात्रै होइन, प्रमाणपत्रमा विशिष्ट श्रेणी छ, प्रतिस्पर्धी परीक्षामा पनि त्यही गुणस्तर देखियोस्। यसले गर्दा ती परीक्षार्थी जुन सेवा क्षेत्रमा जान्छन्, त्यहाँ उच्च गुणस्तरका कर्मचारी पुगिरहेका छन् भन्ने सबैलाई पर्छ। एकअर्कालाई आरोप लगाएर होइन, व्यवहारमा शिक्षालाई गुणस्तरीय बनाउन एकजुट हुनुपरेको छ।

# सप्तरीमा महन्थ पक्षले खुशियाली मनायो

प्रस, सप्तरी, २ भदौ/

महन्थ ठाकुर पक्षले निर्वाचन आयोगमा नयाँ पार्टी दर्ताका लागि निवेदन दिएसँगै ठाकुर पक्षधरले सप्तरीमा मैनबत्ती बालेर खुशियाली मनाएका छन्।

निर्वाचन आयोगले जनता समाजवादी



महन्थ ठाकुर

पार्टी (जसपा)को आधिकारिकता उपेन्द्र यादव पक्षलाई दिएपछि नयाँ दलको पर्खाइमा बसेका ठाकुर पक्षका नेता कार्यकर्ताहरू नयाँ दल पाउने भएकाले खुशी बनेका हुन्। महन्थ ठाकुरको नेतृत्वमा बुधवार नयाँ दल दर्ताका लागि निर्वाचन आयोगमा निवदेन परेको छ। सप्तरीको राजविराजलगायत मुख्य शहर र गाउँहरूमा पनि ठाकुर पक्षले मैनबत्ती बालेर खुशियाली मनाएका छन् भने केही स्थानमा उनीहरूले जुलुससमेत प्रदर्शन गरेका छन्।

सरकारले संसदीय दल वा केन्द्रीय समितिको २० प्रतिशत पुऱ्याएर दल विभाजन गर्न सकिने गरी राजनीतिक दलसम्बन्धी अध्यादेश ल्याएलगत्तै ठाकुर पक्षले नयाँ दल दर्ताका लागि निर्वाचन आयोगमा निवेदन दिएको हो। यसअघि छुट्टै दल दर्ता गर्दा एकीकृत पार्टीमा रहँदा विभिन्न तहका चुनाव जितेका जनप्रतिनिधिहरूलाई समस्या भएको थियो।

महन्थ पक्षमा लाग्न चाहने पालिका र प्रदेशका जनप्रतिनिधिहरू पद जाने डरले उपेन्द्र पक्षमा बस्न बाध्य थिए तर अब अध्यादेशले सहज बनाइदिएको सप्तरीका जनप्रतिनिधिहरूले बताएका छन्।

मधेस आन्दोलनको मुद्दालाई महन्थ ठाकुर पक्षले बोकेको र मधेसी जनतामा उपेन्द्रभन्दा ठाकुरको प्रभाव तथा विश्वास बढी रहेकोले अब धेरैजना महन्थको पक्षमा खुलेर आउने उनीहरूको दाबी छ। जिल्ला सदरमुकाम राजविराजस्थित गजेन्द्र चोकमा मैनबत्ती बालेर खुशियाली मनाउने क्रममा जिल्ला समन्वय समिति सप्तरीका प्रमुख प्रभाकर यादव, राजविराज नगरपालिकाकी उपप्रमुख साधना झा, युवा नेता विनोद यादव, शम्भु यादवसहितका नेताहरूले मन्तव्य व्यक्त गरेका थिए।

# वर्षाका कारण तीनवटा घर भत्कियो

प्रस, सिम्रौनगढ, २ भदौ/

सिम्रौनगढमा वर्षाका कारण तीनवटा घर भत्केको हो। कच्ची घर भत्केर घरमा रहेको सिलाइ मेशिन, खाट र




कच्ची घर भत्केको छ। सिम्रौनगढ नपा–६ को सानो इटवाल र सिम्रौनगढमा स्थानीय शिव हजारी पासवान, चोकट मियाँ चुडिहार र अयुब अन्सारीको कच्ची धान, चामल क्षति भएको अयुब अन्सारीले बताए।

खपडा र फुसको घर भत्केर लाखौं मूल्यको क्षति भएको बताइएको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# शुभकामना छ तर



स्वतन्त्र विचार

विनोद गुप्ता

**यस्तो बेला 'ब्वाँसो आयो' कथा चरितार्थ हुन सक्छ। त्यसैले अपेक्षा गरौं ७५औं स्वतन्त्रता दिवसको पावन अवसरमा भगवान् पशुपतिनाथले भारतीय संस्थापनलाई विशुद्ध अमृत नै नभए पनि मन्द अमृत छिमेकतिर पनि वर्षा गराइराख्ने विवेक प्रदान गरून्।**

मित्रराष्ट्र भारतले अमृत वर्षको रूपमा आफ्नो ७५औं स्थापना दिवस मनाएको छ। असल छिमेकीको हैसियतमा हामी यसमा खुशी नहुने कुरै भएन। भनिन्छ, राम्रो निद्रा सुत्नु छ भने असल छिमेकी रोज्नु। किनभने छिमेकी फेर्न अत्यन्त गाह्रो हुन्छ। हामी त झन् यति भाग्यमानी छौं कि हाम्रो उत्तरमा विश्व शक्तिको रूपमा उदीयमान असल छिमेकी चीन छ भने दक्षिणमा त झन् धार्मिक, सांस्कृतिक एवं सामाजिकरूपले बाँधिएको विश्वकै ठूलो प्रजातान्त्रिक मुलुक भारत छ। भारतले पनि आफ्नो अर्थव्यवस्थालाई 'मेक इन इन्डिया'को नारा दिंदै पाँच सय ट्रिलियन डलर पुऱ्याउने लक्ष्य लिएर अगाडि बढिरहेको छ। भारतको सबैभन्दा ठूलो वर्ग मध्यमवर्गको सञ्चय गर्ने बानीका कारण सुदृढ बनेको भारतीय अर्थव्यवस्था काङ्ग्रेस नेतृत्वको सरकारबाट अहिले भारतीय जनता पार्टीको हातमा आइपुग्दासम्म उपभोक्तावादी संस्कृति उन्मुख भएको छ। विश्वका करीब सबै ब्रान्डका विलासी गाडीको भारतमा उत्पादन एवं खपत भइरहेको छ। रक्षाको क्षेत्रमा समेत भारतले उल्लेख्य प्रगति गरेको मानिन्छ। तर किन हो कुन्नि विदेश मामिलाका सम्बन्धमा भारत सधैं विवादित नै रहँदै आएको छ। स्वतन्त्रताप्राप्तिपछिको भारतको विदेश नीतिको इतिहास नियाल्दा आफ्नै देशको विभाजनबाट बनेको पाकिस्तानसँग सम्बन्ध सुमधुर नहुनुलाई त बुझ्न सकिन्छ तर पछि पाकिस्तानसँगको युद्धमा भारतले बनाएको बङ्गलादेश आज यस क्षेत्रमा समृद्धितर्फ अग्रसर भइरहँदा भारतसँग भने यसको सम्बन्ध सामान्य छ भन्न सकिने अवस्था छैन। श्रीलङ्कासँगको सम्बन्ध त झन् यति विधि बिग्रेको थियो कि यो नै भारतको पूर्वप्रधानमन्त्री राजीव गाँधीको हत्याको कारक बन्न पुग्यो भने भारतसँगकै असामान्य सम्बन्धका कारण श्रीलङ्काले हैवेनटोटा बन्दरगाह नै चीनलाई सुम्पिनुपर्ने अवस्था आयो। अफगानिस्तानमा तालिबानलाई असफल बनाएर शान्ति स्थापनार्थ भारतले गरेको ठूलो लगानीका बावजूद अमेरिकी सेना हटाउने राष्ट्रपति जो बाइडेनको निर्णयपछि भारतीय मिडियाहरूले करीब एक हप्तासम्म अफगानको सरकारी फौजले तालिबानका महत्त्वपूर्ण सैनिक ठेगानाहरू नष्ट गरेर सम्झौता गर्न बाध्य पारेको खबर दिइरहँदा अब भने तालिबानले राजधानी काबुल नै कब्जा गरेको र त्यहाँका राष्ट्रपति भागेको र गृहमन्त्रीले शान्तिपूर्ण सत्ता हस्तान्तरणको लागि तयार भएको घोषणा गर्दा यो प्रभाव क्षेत्रसमेत भारतको हातबाट गुम्ने भएको छ। तालिबानलाई चीन र पाकिस्तानसमेतको समर्थन रहेकाले आउँदा दिनमा यो भारतको लागि ठूलो टाउको दुखाइ बन्न सक्छ।

अब कुरा गरौं नेपालकै। आधिकारिकरूपमा नेपाल र भारतबीचको सहयोग सन् १९५० को सन्धिपछि शुरू भएको मानिए पनि पृथ्वीनारायण शाहले विशाल नेपाल राज्यको निर्माण वा एकीकरण गर्नुपूर्व पनि यो सम्बन्ध थियो भन्ने कुरा मैले पनि भर्खरै यसै स्वतन्त्रता दिवसको अवसरमा भारतको भास्कर दैनिकले आफ्नो छैटौं जन्मोत्सव मनाउन प्रकाशित गरेको सय पृष्ठको विशेषाङ्क अध्ययन गर्दा हाल भारतको पश्चिमी चम्पारण जिल्लाको रामनगर दरबारको इतिहासको बारेमा पढ्दा यो तानसेनका सेनवंशी राजाहरूको राज्य भएको र कालान्तरमा



चितौडगढको राजपरिवारसँग आबद्ध हुँदै नेपालमा वैवाहिक सम्बन्ध स्थापना गरेपछि शाहवंशीय हुन पुगेको पढ्न पाएकोबाट हाम्रो सम्बन्धको आयाम झल्कन्छ। भारतको स्वतन्त्रता संग्राममा भाग लिएका कारण भारतीय समकालीन राजनीतिज्ञहरूसँगको सुमधुर सम्बन्ध र नैतिक समर्थनका कारण नेपालमा पनि प्रजातन्त्रको स्थापना भएको हो। तर त्यसपछि बनेको भारतीय काङ्ग्रेसको सरकारसँग नेपालको सरकारी सम्बन्ध पनि विपीको प्रधानमन्त्रित्व एवं राजा महेन्द्रको शासनकालमा समेत उतारचढावले भरिएको पाइन्छ। राजा वीरेन्द्रले प्रस्ताव गरेको शान्ति क्षेत्रको प्रस्तावलाई समर्थन नगरेको कारणबाट तनावपूर्ण सम्बन्ध सार्कको गठनपछि सप्रिने अपेक्षा गरिए पनि भारत र पाकिस्तानबीचको तनावका कारण निष्क्रिय प्रायः भइसकेको यो क्षेत्रीय सङ्गठनको विकल्पमा अन्य सङ्गठनहरूको संलग्नतालाई भारतीय विदेश नीतिको सफलता मान्ने वा असफलता प्रश्नचिह्न खडा भएको छ। नेपालका विकास परियोजनाहरूको सबैभन्दा ठूलो भागीदार भारत नै रहँदै आएको छ। यो ७७ वर्षमा मित्रवत् दुई देशले एकअर्कालाई के दिए वा दिएनन् लेखाजोखा गर्दा सधैं हीन भावनाले ग्रस्त हामीहरूले भारतलाई अत्यन्त ठूलो सहयोग गरिरहेको भएपनि याचकको रूपमा उभिएकोले आजको यो स्थिति उत्पन्न भएको जस्तो लाग्छ।

नेपालका गोर्खालीहरूको भारतमा ३८ वटा बटालियन नै रहेको छ। यी गोर्खालीहरूका बारेमा भारतकै पहिलो फिल्ड मार्शल जनरल मानेकशाले 'कसैले मलाई डर लाग्दैन भन्छ भने उसले या त गोर्खाली सेना भेटेको छैन अथवा उसको झूटो बोल्ने बानी रहेको छ' भन्नुभएको प्रसङ्ग सम्झँदा गोर्खा सैनिकको भारतको सुरक्षामा रहेको योगदानको मूल्याङ्कन कुन एकाइमा भारतले गर्न सक्ने हो? त्यसैगरी लाखौंलाख नेपालीलाई भारतले रोजगार दिएको सत्य तथ्यलाई ठूलो गुनको रूपमा प्रचार भइरहँदा सन् २०१९ को भारतीय केन्द्रीय बैंकको तथ्याङ्क अनुसार भारतबाट नेपालमा रु १ खर्बको विप्रेषण भित्रिएको थियो भने नेपालबाट भारतमा रु ३ खर्बको विप्रेषण प्रवाह भएको देखिन्छ। आज पनि नेपालको करीब ७० प्रतिशत व्यापार भारतसँग नै निर्भर छ। यसैको मूल्याङ्कन गरेर होला भारतले पनि नेपालमा सडक, विद्यालय, अस्पताललगायतका पूर्वाधारमा लगानी गर्न ठूलो धनराशि खर्च गरेको छ। यति विधि ठूलो लगानी गरिरहँदा पनि नेपालमा भारतप्रतिको सरकारीस्तरको लगाव त बढेको छैन नै अब जनस्तरमा समेत सम्बन्ध असामान्य बन्दै गएको छ। पञ्चायतकालको पहिलो नाकाबन्दीविरुद्ध पञ्चहरूमात्रै थिए। आमजनता प्रजातन्त्रको पक्षमा भएकोले दुःख सहेर भएपनि यसको विरोध गरेनन्। तर त्यसपछिका दुई नाकाबन्दीले नेपालको खासगरी पहाडमा बस्ने नेपालीहरूको यस्तो दुई पुस्ता तयार भयो, जो भारतलाई राम्रो दृष्टिकोणले हेर्दैन। डा हर्क गुरुङले तराईका मधेसीहरूलाई भारतीय मूलको भनिरहँदासमेत आज सरकार निरीह भएको बेला दक्षिणी सीमाको रक्षार्थ यही मधेसी अगाडि सरेका छन्। नेपालको आधिकारिक तथ्याङ्क अनुसार प्रदेश नं २ मा मात्र पर्साको सिमरिया, लक्ष्मीपुर र दशगजा, रौतहटको जमुना, सर्लाहीको माडर, सिराहाको तिलाठी र सखडा, सप्तरीको कुनौली, लालपट्टि, तिलजा, मोहनिया र सरवाह गरी ८ जिल्लामा मात्र १२ ठाउँमा सीमा अतिक्रमण भएको छ। जग्गाको लालपुर्जा नेपालीहरूसँग छ तर भारतीय सीमा सुरक्षा बलले बलजफ्ती नेपालीहरूलाई उपयोग गर्ने अधिकारबाट वञ्चित गरेको छ। देशैभरमा यस्ता करीब ७८ वटा विवादित क्षेत्र छन्, जसमा कालापानी, लिम्पियाधुरा समावेश छैन। यसबाहेक प्रदेश नं २ कै (१) रौतहटमा लालबकैया (२) बैरगनिया चक्र तटबन्ध (३) रौतहट, सर्लाहीको वाग्मती तटबन्ध (४) धनुषा–सिराहाको कमला तटबन्ध (५) सिराहा तटबन्ध (६) सप्तरीको खाडो (७) सप्तरीकै कुनौली र (८) मा कोशी बाँधहरू बनेका छन्। यसमा कोशीबाहेक अन्य जम्मै तटबन्ध भारतले एकतर्फीरूपमा अन्तर्राष्ट्रिय सन्धि सम्झौताको बेवास्ता गरी बनाएको छ, जसको कारण अन्नको भण्डार भनिने तराई–मधेसको उर्वर भूमि डुबानमा परेर यस क्षेत्रका सानाठूला सबै किसानमा अब भारतप्रतिको सद्भाव र सहिष्णुता घट्दो छ। यो प्रदेश नं २ को मात्रै उदाहरण हो। सम्पूर्ण दक्षिणी सीमामा अन्य थुप्रै ठाउँमा यस्ता विवादहरू छन्। टनकपुरको विवाद यथावत् हुँदाहुँदै अब नेपालको लागि गेम चेन्जर मानिएको महाकाली परियोजनाको डिपिआर २५–३० वर्षमा पनि नबन्नु, इपिजी प्रतिवेदनप्रति भारतबाट देखाइएको बेवास्ता आदिले समेत नेपाल र भारतका सरकारी सम्बन्धमा सीमित तनाव अब जनस्तरमा पनि फैलिन थालेको छ। नेपालको यो अवस्था पक्कै पनि भारतको सुरक्षा संवेदनशीलताको लागि सुपाच्य नहुन सक्छ। त्यसैले छिमेक पहिलाको नारा दिएर हिंडेको भारतीय संस्थापन पक्षले अमृत वर्षको रूपमा मनाइरहेको आफ्नो स्वतन्त्रता दिवसको उपलक्ष्यमा आफ्नो नारालाई मूर्तरूप दिने विदेश नीति अख्तियार गर्न जरुरी भएको छ। यसमा समयानुकूल संशोधन वा परिमार्जन नगर्ने हो भने पाकिस्तानबाट शुरू भएको यो यात्रा बङ्गलादेश, श्रीलङ्का र अब अफगानिस्तान हुँदै कुन दिन नेपाल आइपुग्ने हो भन्न सकिन्न। यस्तो बेला 'ब्वाँसो आयो' कथा चरितार्थ हुन सक्छ। त्यसैले अपेक्षा गरौं ७५औं स्वतन्त्रता दिवसको पावन अवसरमा भगवान् पशुपतिनाथले भारतीय संस्थापनलाई विशुद्ध अमृत नै नभए पनि मन्द अमृत छिमेकतिर पनि वर्षा गराइराख्ने विवेक प्रदान गरून्। भारतको समुन्नतिमा नै हाम्रो पनि उन्नति छ। त्यसैले थुप्रै कुरा, तर ... भएपनि शुभकामना चाहिं यसपालि दिनैपर्छ। आगामी वर्षको लागि फेरि सोचौंला।

## अस्ट्राजेनिका खोपको पहिलो मात्रा दिइँदै

काठमाडौं, २ भदौ/रासस

काठमाडौं स्वास्थ्य कार्यालयले कोरोना भाइरसविरुद्धको अस्ट्राजेनिका खोपको पहिलो मात्रा सर्वसाधारणलाई दिन थालेको छ। विद्युतीय दर्ता गराएका सर्वसाधारणलाई कार्यालयले अस्ट्राजेनिकाको पहिलो मात्रा दिइन थालेको हो। कार्यालय प्रमुख बद्रीबहादुर खड्काले यही भदौ १ गतेदेखि विद्युतीय दर्ता गराएका सर्वसाधारणलाई खोप लगाउन थालिएको जानकारी दिए।

जापान र भुटानबाट आएको अस्ट्राजेनिका खोपको दोस्रो मात्रा लगाएको बचेपछि विद्युतीय दर्ता गराएका सर्वसाधारणलाई पहिलो मात्रा खोप दिन थालिएको हो। भुटानबाट दुई लाख ३० हजार र जापानबाट पाँच लाख १३ हजार मात्रा अस्ट्राजेनिका खोप प्राप्त भएको थियो। पैसट्ठी वर्षमाथि उमेर समूहका करीब साढे १४ लाख व्यक्तिलाई 'कोभिशिल्ड'को पहिलो मात्रा लगाएकालाई भुटान र जापानबाट प्राप्त अस्ट्राजेनिका खोप प्रदान गरिएको थियो।

स्वास्थ्य सेवा विभागका खोप तथा बालस्वास्थ्य शाखाप्रमुख डा झलक शर्मा गौतमले सबै ज्येष्ठ नागरिकले दोस्रो मात्राका रूपमा अस्ट्राजेनिका नलगाएको हुनाले बचेको हुन सक्ने बताइन्। काठमाडौं जिल्लाका सबै स्थानीय तहमा खोप लगाउन थालिएको छ। कार्यालयका अनुसार काठमाडौं महानगरपालिकाका पाँच खोप केन्द्र तथा कीर्तिपुर, तारेश्वर, नागार्जुन, बूढानीलकण्ठ, कागेश्वरी–मनहरा, टोखा र गोकर्णेश्वर नगरपालिकामा एक/एक खोप केन्द्र तोकिएको छ।



तस्वीरः फाइल

महानगरपालिकामा राधास्वामी आइसोलेशन सेन्टर, नेपाल प्रहरी अस्पताल, वीर अस्पताल, वीरेन्द्र सैनिक अस्पताल र निजामती कर्मचारी अस्पताललाई खोप केन्द्र तोकिएको छ। कार्यालयले महानगरपालिकामा आवश्यकता अनुसार खोप केन्द्र थप्ने बताएको छ। अहिलेसम्म नेपालमा ४७ लाख ६४ हजार आठ सय ६५ व्यक्तिले पहिलो मात्रा र ३५ लाख ८६ हजार ६७३ ले पूर्ण मात्रा खोप लगाइसकेका छन्।

## नेप्से हालसम्मकै उच्च बिन्दुमा, बजार पूँजीकरण ४४ खर्ब ६८ अर्ब

काठमाडौं, २ भदौ/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचकले नयाँ कीर्तिमान कायम गरेको छ। लगातार उकालोको यात्रा तय गरेको नेप्से बुधवार नयाँ उचाइमा पुगेको हो। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से हालसम्मकै उच्च बिन्दुमा पुगेको हो।

शेयर कारोबार हुने साताको चौथो दिन आज नेप्से ३२.०४ बिन्दुले बढेर तीन



तस्वीरः फाइल

हजार १९२.३५ मा पुगेको छ। यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ३.३८ बिन्दुले बढेर ५९६.६६ मा पुगेको छ। कुल २२५ कम्पनीको तीन करोड १४ लाख ३१ हजार ८५५ कित्ता शेयर रु १८ अर्ब ८१ करोड ३१ लाख ६४ हजार ९९५ मूल्य बराबरको कारोबार भयो।

कारोबार भएका १३ उपसमूहमध्ये आज चार उपसमूहको शेयर ओरालो लागेको छ भने नौ उपसमूहको शेयर मूल्य बढेको छ। होटल तथा पर्यटन ०.३५, लघुवित्त १.५१, सामूहिक लगानीकोष ०.२१ र लगानी ०.२१ बिन्दुले घटेको छ। यस्तै, बैंकिङ १४.५, व्यापार २.३८, विकास बैंक २७२.४४, जलविद्युत् ५४.३९, वित्त १०३५२, निर्जीवन बीमा २७६.१९, अन्य २४.९२ र जीवन बीमा १११.९७ बिन्दुले बढेको छ।

आजको कारोबारपछि बजार पूँजीकरण रु ४४ खर्ब ६८ अर्ब ५० करोड ५३ लाख ९२ हजार ९१ बराबर पुगेको छ। कारोबारका आधारमा आज नेशनल हाइड्रोपावर कम्पनी शीर्ष स्थानमा रहेको छ। सो कम्पनीको रु ७८ करोड ८७ लाख तीन हजार ५२० बराबरको कारोबार भयो। यस्तै, अपि पावर कम्पनी रु ६३ करोड ४६ लाख ७१ हजार ९२४, लुम्बिनी विकास बैंक रु ५९ करोड ७६ लाख ९३ हजार ९७६, महालक्ष्मी विकास बैंक रु ५७ करोड ६९ लाख १९ हजार ३७६ र ज्योति विकास बैंक रु ५६ करोड १५ लाख ४४ हजार ८९४ बराबरको कारोबार भई शीर्ष स्थानमा रहे।

**छ कम्पनीको शेयरमा सर्किट**

नेप्सेका अनुसार आजको कारोबारमा विभिन्न छ कम्पनीका शेयरमा सकारात्मक सर्किट लागेको छ। त्यसमा, अरुण भ्याली हाइड्रोपावर, अरुण काबेली पावर, शिवम् सिमेन्ट, जीवन विकास लघुवित्त, आँखु खोला जलविद्युत् कम्पनी र महालक्ष्मी विकास बैंक रहेका छन्।

यसैगरी, एसबिएल डिभेन्चर ५.८६, एनआइबिएल प्रगति फन्ड ४.६१, एनआइसी एशिया डिभेन्चर ३.९६, आरएसडिसी लघुवित्त ३.३५ र खानीखोला हाइड्रोपावरका लगानीकर्ताले ३.१० प्रतिशतले गुमाए।


## बोरिङ खन्दा मिथेन ग्याँस मिसिएको पानीको फोहोरा निस्कियो

काठमाडौं, २ भदौ/रासस

पानीका लागि बोरिङ खन्ने क्रममा काठमाडौंको बूढानीलकण्ठ नगरपालिका–१० कपनमा बुधवार एक्कासि बालुवासहित पानीको फोहोरा निस्क्यो। तीन घण्टादेखि पानी र बालुवासहितको करीब ४० फिट अग्लो फोहोरा काठमाडौं कपन शिवमन्दिरनजीक निरन्तर छ।

भुलुक–भुलुक गर्दै चार तले घर जति अग्लो फोहोरा निस्केपछि स्थानीयवासी चकित परेका छन्। फोहोरा जारी रहेपछि उनीहरूले खानी तथा भूगर्भ विभागलाई खबर गरेका थिए।

सूचनापश्चात् घटनास्थल निरीक्षणमा आइपुगेका खानी तथा भूगर्भ विभागका वरिष्ठ भूगर्भविद् पृथ्वीलाल श्रेष्ठले फोहोरामा मिथेन ग्याँस मिसिएको जानकारी दिए।


तस्वीरः रासस

"काठमाडौं उपत्यकाको जमीनमुनि मिथेन ग्याँस रहेको छ र यसअघि कालीमाटी, टेकु, धुम्बाराहीमा पनि यसरी मिथेन ग्याँस निस्किएको थियो," श्रेष्ठले भने।

त्रसित स्थानीयवासीको प्रतिक्रियामा उनले ग्याँसलाई बन्द गर्न नहुने र सतर्कताका लागि भने वरिपरि ग्याँस, आगो, लाइटरजस्ता कुरा बाल्न नहुने बताए।

कति समयसम्म यो जारी रहन्छ भन्ने प्रश्न गर्दा भूगर्भविद् श्रेष्ठले यो प्राकृतिक घटना कतिसम्म जारी रहन्छ भन्ने आकलन गर्न नसकिने बताए।

घरनजीकै यस्तो अनौठो घटना भएको देख्दा स्थानीयवासी बद्री ढकालले आफूलाई कतै जमीन नै भासिने पो हो कि भने डर लागेको बताए। "शुरूमा लेदो निस्किए पनि अहिले ग्याँस गन्हाएको र पानीसहित बालुवा फोहोरा भएर भुल्किरहेको छ," उनले भने। करीब १५० फिट गहिरो खन्दा यस्तो घटना भएको उनको भनाइ छ।

फोहोराका कारण नजीकैको घर हिलाम्मे भएको छ। अनौठो फोहोरा हेर्न मानिसको भीड बढ्दै गएपछि यतिखेर प्रहरीले भीडभाड नगर्न माइकिङ गरिरहेको छ। कपन प्रहरी चौकी प्रमुख प्रहरी निरीक्षक भगवती तिमिल्सिनाले भूगर्भविद्को सल्लाह अनुसार घटनाको दुई सय मिटरवरपर घरमा ग्याँस, लाइटर नबाल्न सचेत गराइएको जानकारी दिए। साथै कपन पञ्चकुमारीदेखि शिवमन्दिर जाने बाटोमा ट्राफिक डाइभर्सन गराइने उनले जानकारी दिए।

# महामारीको एउटा उपलब्धि: विद्युतीय कारोबारमा गुणात्मक वृद्धि

काठमाडौं, २ भदौ/रासस

केही वर्षअघिसम्म सामान्य कारोबारको भुक्तानीका लागि पनि कि चेक काट्नुपर्थ्यो, कि त नगद नै दिनुपर्थ्यो। सूचना तथा प्रविधिको क्षेत्रमा आएको विकासलाई क्रमशः अवलम्बन गर्दै गएको बैंक तथा वित्तीय संस्थाले क्रमशः विद्युतीय कारोबारलाई बढावा दिएका छन्।

कोरोनाको महामारी आउनुभन्दा पहिले वैकल्पिक प्रणाली जस्तो रहेको विद्युतीय कारोबार अहिले आएर भने आमनागरिकको सेवा बन्न पुगेको छ। नेपाल राष्ट्र बैंकले योजनाबद्धरूपमा नै विद्युतीय भुक्तानी र कारोबारलाई बढावा दिएको छ। मोबाइल वालेट, कनेक्ट आइपिएस, आरटिजिएस जस्ता प्रणाली सञ्चालनमा ल्याएको छ। यसले गर्दा आममानिसलाई कारोबारमा सहजता र विश्वसनीयता पनि थपेको छ। यता विद्युतीय कारोबारमा वृद्धि भएसँगै सुरक्षाबारे बढेको चासोप्रति भने नियामक निकायको दायित्व थपिएको छ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको आर्थिक वर्ष २०७७/७८ को विवरण अनुसार विद्युतीय कारोबारको सङ्ख्या र परिमाण दुवै बढेको देख्न सकिन्छ। केन्द्रीय बैंकका अनुसार २०७७ जेठ मसान्तको तुलनामा २०७८ जेठ मसान्तसम्म आइपुग्दा ठूलो कारोबारका राफसाफका लागि सञ्चालनमा ल्याइएको रियल टाइम ग्रस सेटलमेन्ट (आरटिजिएस), कनेक्ट आइपिएस र मोबाइल बैंकिङमार्फत हुने कारोबारमा उल्लेख्य वृद्धि भएको छ। विवरण अनुसार २०७७ जेठको तुलनामा २०७८ जेठमा विद्युतीय कारोबारमा चार गुणाले वृद्धि भएको छ।

बैंकका अनुसार २०७७ जेठमा रु १६ खर्ब ३८ अर्ब १० करोड ४० लाख बराबरको कारोबार भएकामा २०७८ जेठमा आइपुग्दा रु २१ खर्ब १२ अर्ब ४० करोड ६७ लाखबराबरको कारोबार भएको छ। त्यसमा आरटिजिएस, कनेक्ट आइपिएस र मोबाइल बैंकिङको ठूलो हिस्सा रहेको छ। विवरण हेर्दा कारोबारको मात्रा एक वर्षको अवधिमा ४१२ प्रतिशतले बढेको देखिन्छ। केन्द्रीय बैंकका अनुसार २०७७ जेठमा छ लाख ९६ हजार ५३८ पटक कनेक्ट आइपिएसबाट कारोबार भएकामा २०७८ जेठमा आइपुग्दा त्यसमा वृद्धि भई दुई लाख १६ हजार ६४८ पुगेको छ। विसं २०७७ जेठ मसान्तसम्म कुल ३७ हजार २९७ पटक आरटिजिएसमार्फत भुक्तानी भएकामा २०७८ जेठमा पुग्दा कुल ३४ हजार ८७४ पटक आरटिजिएस कारोबार भएको छ।

यस्तै, नेपाल राष्ट्र बैंकले अभियानकै रूपमा सञ्चालन गरेको क्विक रेस्पोन्स (क्यूआर)मा आधारित कारोबारमा पनि उत्तिकै वृद्धि भएको छ। विसं २०७७ असार मसान्तमा एक लाख ९५ हजार १६ वटा कारोवार भएकामा २०७८ जेठ मसान्तमा आइपुग्दा यसमा वृद्धि भई पाँच लाख दुई हजार ६६६ पुगेको छ। विसं २०७७ जेठमा मोबाइल बैंकिङमार्फत ५८ लाख १७ हजार ६८१ पटक कारोबार भएकामा त्यो बढेर २०७८ जेठ मसान्तमा एक करोड १० लाखभन्दा माथि पुगेको छ। वालेटमार्फत हुने कारोबारको अवस्था पनि त्यस्तै उत्साहप्रद रहेको छ। विसं २०७७ जेठमा एक करोड एक लाख ७९ हजार ५५७ पटक कारोबार भएकामा २०७८ जेठ मसान्तमा केही घटेर ९७ लाख ५० हजार ६५ मा सीमित भएको छ।

कोरोनाका कारण २०६७ चैतदेखि २०७७ साउनसम्म देशव्यापी लकडाउन लागू भयो। यस्तै, २०७८ वैशाख १६ गतेदेखि २०७७ असारको दोस्रो सातासम्म देशव्यापी निषेधाज्ञा लागू भयो। कोरोनाका कारण बैंक तथा वित्तीय संस्थामा भौतिकरूपमा उपस्थित भएर कारोबार गर्न नपाएपछि आममानिसले विद्युतीय कारोबारलाई नै प्राथमिकता दिएको छ। विद्युतीय कारोबार सहज र सस्तो भएकाले पनि मानिसको आकर्षण बढेको देखिन्छ। राष्ट्र बैंकको विवरण






अनुसार कनेक्ट आइपिएसमार्फत हुने कारोबार रु एक खर्बभन्दा बढीले भएको छ।

विसं २०७७ जेठ मसान्तमा रु ५१ अर्ब ३० करोड ६० लाखबराबरको कारोबार कनेक्ट आइपिएसमार्फत भएकामा त्यो बढेर २०७८ जेठ मसान्तमा आइपुग्दा रु एक खर्ब ५८ अर्ब २५ करोड ४० लाखबराबर पुगेको छ। अघिल्लो जेठमा १४ लाख ६४ हजारवटा कारोबार भएकामा २०७८ जेठमा आइपुग्दा त्यो बढेर २१ लाख ६० हजार ६४८ पटक कारोबार भएको छ। नेपाल क्लियरिङ हाउसका प्रमुख कार्यकारी अधिकृत निलेषमान प्रधानका अनुसार ग्राहकमा बढ्दै गएको प्रविधिप्रतिको जागरूकता तथा कोरोनाका कारण पनि विद्युतीय कारोबारमा वृद्धि भएको हो। सरकार, नेपाल राष्ट्र बैंक तथा सम्बद्ध अन्य सरकारी तथा गैरसरकारी निकायको सार्थक प्रयासले नगदरहित कारोबारमा अभिवृद्धि हुन पुगेको उनको भनाइ छ। कनेक्ट आइपिएसमार्फत कारोबार गर्नेको मात्रा ६६० प्रतिशतले वृद्धि भएको छ।

यस्तै, आइपिएसमार्फत हुने कारोबार पनि ८५ प्रतिशतले वृद्धि भएको छ। प्रमुख कार्यकारी अधिकृत प्रधान सबै क्षेत्रमा सहजरूपमा विद्युतीय कारोबार हुने र स्वीकार्य हुने अवस्था बनेको खण्डमा नगद कारोबारलाई न्यून बिन्दुमा झार्न सकिने बताउँछन्। नीतिगतरूपमा पनि सहज व्यवस्था गरिएको तथा कोरोनाका कारण पनि सहज कारोबारमा आम चासो बढेको भन्दै उनले सर्वस्वीकार्य कारोबारको लागि थप व्यवस्था गर्न सरोकारवाला सबैले चासो दिनुपर्नेमा जोड दिए।

बैंकका अनुसार २०७७ असार मसान्तसम्म कुल रु ५८ करोड ९० लाखबराबरको भुक्तानी क्यूआर कोडमार्फत भएकामा त्यो बढेर २०७८ जेठ मसान्तमा आइपुग्दा रु एक अर्ब ९६ करोड ८० लाखबराबर पुगेको छ। यसले पनि नेपाली नागरिक प्रविधिको प्रयोगमा अभ्यस्त हुँदै गएको देखिन्छ।

नबिल बैंकका नायब महाप्रबन्धक मनोज ज्ञवालीले नेपाल राष्ट्र बैंकले सहजरूपमा नीतिगत व्यवस्था गरिदिएको तथा नागरिकमा आएको जागरूकताका कारण पनि विद्युतीय कारोबारमा वृद्धि भएको बताए। आफ्नो बैंकले पनि क्यूआर कोडको प्रयोगलाई अभियानकै रूपमा अगाडि बढाएको उल्लेख गर्दै उनले कोरोनाकालभन्दा अगाडि र पछाडिको तुलना गर्दा उल्लेख्यरूपमा विद्युतीय कारोबारमा वृद्धि भएको जानकारी दिए।

क्यूआर कोड प्रयोग गर्ने क्रम बढ्दै जाँदा त्यसले समाजमा समेत सकारात्मक प्रभाव पारेको छ। खुद्रा पसल, तरकारी बजार तथा सामान्य व्यवसायमा समेत क्यूआर कोड प्रयोगमा वृद्धि हुँदै गएको छ। बैंक तथा वित्तीय संस्थाले फोन वा डिजिटल प्रणालीमार्फत कर्जासमेत उपलब्ध गराउने व्यवस्था गरिसकेको जानकारी दिंदै नायब महाप्रबन्धक ज्ञवालीले केही समयभित्रै विद्युतीय कारोबारमार्फत ४५ लाख बढी ग्राहक जोडिने विश्वास व्यक्त गरे।

नगदरहित कारोबारलाई बढावा दिंदै जाने केन्द्रीय बैंकको योजना छ। गभर्नर महाप्रसाद अधिकारीले यो अभियानलाई महाअभियानको संज्ञा दिएका छन्। निजी क्षेत्रका बैंक तथा वित्तीय संस्थाले समेत यसलाई आत्मसात् गरेका छन्। चालू आर्थिक वर्षको मौद्रिक नीतिमा पनि विद्युतीय भुक्तानी प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाउने योजना समेटिएको छ। नगदरहित कारोबारको प्रवर्द्धनमा लागेको केन्द्रीय बैंकले त्यसका लागि उपकरणको अन्तरआबद्धता गर्दै राष्ट्रिय भुक्तानी स्वीच स्थापना गर्ने भएको छ। मौद्रिक नीतिमा आर्थिक वर्ष २०७९/८० लाई विद्युतीय भुक्तानी कारोबार प्रवर्द्धन वर्षको रूपमा मनाउने लक्ष्य राखेको छ। त्यसका लागि चालू आवमा आवश्यक पूर्वाधारको विकास र चेतना अभिवृद्धिमा जोड दिने लक्ष्य छ।

गभर्नर अधिकारीका अनुसार विद्युतीय भुक्तानीका उपकरणबीच अन्तरआबद्धता कायम गर्दै नेपालभित्र हुने भुक्तानी कारोबारहरूको राफसाफ तथा अभिलेखीकरण गर्न र नेपालको आफ्नै भुक्तानी कार्ड प्रयोगमा ल्याइनेछ। विद्युतीय भुक्तानी प्रणालीको समग्र इकोसिस्टमको विकास र प्रवर्द्धनमा लगानी गर्ने भुक्तानी सेवाप्रदायक तथा भुक्तानी प्रणाली सञ्चालक र सञ्चार सेवा प्रदायक संस्थालाई विशेष पुनर्कर्जा उपलब्ध गराइनेछ। त्यस्तो भुक्तानी कारोबारको प्रवर्द्धनका लागि विभिन्न माध्यमबाट हुने कारोबारको सीमा पुनरावलोकन गर्ने, कारोबारमा लाग्ने शुल्कलाई उपयुक्तस्तरमा कायम गर्न नीतिगत व्यवस्था गर्ने भएको छ। सरकारले प्राप्त गर्ने राजस्व र सबै प्रकारका भुक्तानी बैंकिङ तथा विद्युतीय भुक्तानीको माध्यमबाट गर्ने व्यवस्थाको लागि आवश्यक सहजीकरण गर्न आवश्यक व्यवस्था गरिनेछ।

यस्तै, भुक्तानी सेवा प्रदायक तथा भुक्तानी प्रणाली सञ्चालक संस्थाको कारोबारको दायरा बढाइ लघुवित्त वित्तीय संस्था र सहकारीका ग्राहकसमक्षसमेत विद्युतीय भुक्तानी सेवा पुऱ्याउन प्रोत्साहन गर्ने नीतिमा समावेश छ। बैंक तथा वित्तीय संस्थामा कर्जाको आवेदनदेखि स्वीकृति गर्नेसम्मको प्रक्रियालाई विद्युतीय माध्यमबाट हुने व्यवस्थाका लागि सहजीकरण गर्न डिजिटल कर्जा मार्गदर्शन तर्जुमा गरी कार्यान्वयनमा ल्याउने लक्ष्य राखिएको छ। विश्वमा विद्युतीय मुद्राको प्रयोग तथा सम्भाव्यता अध्ययन भइरहेको सन्दर्भमा नेपालसमेतमा केन्द्रीय बैंक विद्युतीय मुद्राको सम्भाव्यता अध्ययन गर्ने लक्ष्य नीतिले लिएको छ। संसारभर नै क्रिप्टोकरेन्सी तथा बिटक्वाइनको प्रयोग बढ्दै गएको सन्दर्भमा केन्द्रीय बैंकले आफ्नो नीतिमार्फत सोही दिशामा आफूलाई अग्रसर बनाएको छ।

नेपाल विद्युत् प्राधिकरणले महसूल भुक्तानीमा केही वर्ष पहिलेदेखि नै विद्युतीय प्रणाली सुरुआत गरिसकेको छ। काठमाडौंका अधिकांश वितरण केन्द्रको महसूलमध्ये झन्डै ५० प्रतिशत हिस्सा विद्युतीय प्रणालीमार्फत हुने गरेको छ। खानेपानीको बिलदेखि हवाई टिकट खरीदसम्म विद्युतीय माध्यमबाटै हुने गरेको छ। सरकारको राजस्वदेखि अन्य दैनिक उपभोग्य सामग्रीको खरीदमा समेत विद्युतीय भुक्तानीको मात्रामा बढोत्तरी भएको छ। नगद नै नभए पनि जीवन सहजरूपमा चलाउन सकिने अवस्था सिर्जना भएको छ। घर, कार्यालय वा आफूलाई आवश्यक परेको स्थानमा मोबाइलबाटै खाना तथा खाजासमेत मगाउन सकिने सहज वातावरण सिर्जना भएको छ।

कनेक्ट आइपिएसमार्फत नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष, राहदानी तथा ट्राफिक प्रहरीको जरिवाना तिर्न सकिन्छ। यस्तै, सवारीसाधन खरीद, शेयरबजार कारोबार, बीमा शुल्क तथा इन्टरनेटको बिल, मोबाइल टेलिफोनको बिल तथा वालेटमा समेत पैसा राख्न सकिन्छ। ईसेवाका प्रमुख कार्यकारी अधिकृत सुवास सापकोटाले नेपाल राष्ट्र बैंकले यस वर्षको मौद्रिक नीतिमा यस विषयलाई उच्च प्राथमिकता राख्नु निकै सकारात्मक हो भने।

यो वर्षको मौद्रिक नीतिमा भुक्तानीसम्बन्धी छुट्टै व्यवस्था गर्नु राम्रो काम भएको भन्दै उनले अहिलेको अवस्थामा विकसित देशहरूले गरिरहेकोजस्तो 'क्यासलेस' कारोबारलाई प्रोत्साहन गर्नु जरुरी छ भने। उनले यो प्रयोगकर्ता सचेत हुनुपर्ने विषय पनि हो भन्दै नगद कारोबार वैकल्पिक माध्यमबाट गर्नुपर्नेमा जोड दिए। अघिल्लो वर्षभन्दा यो वर्ष बढी उत्साहजनक रहेको भन्दै उनले विगतमा नगदरहित कारोबार भनेको एउटा शौखको विषय भएपनि अहिले भने अनिवार्य आवश्यकताजस्तो भएको बताए।


उनले भने, "बिजुली, टेलिफोन, विभिन्न बिल भुक्तानी गर्न लाइनमा बस्नेजस्तो झन्झटिलो काम घट्दै गएको छ, समयको बचत भएको छ र यसका कारण मानिसहरू दिन प्रतिदिन प्रविधिमैत्री बन्दै गएका छन्, जुन निकै सकारात्मक पाटो हो।" उनले सवारीसाधन नवीकरण चालक अनुमति प्रमाणपत्र, मालपोतलगायत राजस्व लिने ठाउँमा पनि यसको कार्यान्वयन हुनुपर्ने र नागरिकलाई डिजिटल बैंकिङ जटिल होइन सहज छ भनेर बुझाउनुपर्छ भने। प्रमुख कार्यकारी अधिकृत सापकोटाले नेपाल राष्ट्र बैंकले यस वर्षको मौद्रिक नीतिमा यस विषयलाई उच्च प्राथामिकता राख्नु निकै सकारात्मक हो भने।

# प्रदेश प्रमुख मिश्रद्वारा पदभार ग्रहण

प्रस, जनकपुरधाम, २ भदौ/

प्रदेश २ का नवनियुक्त प्रदेश प्रमुख हरिशङ्कर मिश्रले बुधवार पदभार ग्रहण गरेका छन्। जनकपुरधाम मधेस भवनस्थित प्रदेश प्रमुखको कार्यालयमा उनले पदभार ग्रहण गरेका हुन्।

सो अवसरमा मन्तव्य व्यक्त गर्दै प्रदेश प्रमुख मिश्रले प्रदेश सरकारसँग समन्वय गरेर प्रदेशको कामलाई अघि बढाइने बताए। शपथग्रहणको भोलिपल्ट उनले पदभार ग्रहण गरेका हुन्। कार्यक्रममा प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री रामसरोज यादवलगायत नेपाली काङ्ग्रेसका नेता कार्यकर्ताहरूको उल्लेखनीय सहभागिता थियो।



नवनियुक्त प्रदेश प्रमुख हरिशङ्कर मिश्र

## फरक समाचार

# साना बालबालिकाबाट सङ्क्रमणको खतरा बढी

तीन वर्षभन्दा कम उमेरका बालबालिका यदि कोभिडबाट सङ्क्रमित हुन्छन् भने घरका ठूला सदस्यहरूमा पनि सङ्क्रमण फैलिने खतरा रहन्छ, यो दाबी क्यानडाको स्वास्थ्य एजेन्सी पब्लिक हेल्थका अनुसन्धानकर्ताले गरेका हुन्।

शोधले भन्छ, १४ देखि १७ वर्ष उमेरका किशोरको तुलनामा तीन वर्षभन्दा कम उमेरका बच्चाबाट घरका अन्य सदस्यहरू सङ्क्रमित हुने खतरा १.४ गुना बढी छ। कम उमेरका बच्चाबाट २० देखि ४० वर्ष उमेरका व्यक्तिमा सङ्क्रमण फैलिने खतरा बढी रहन्छ। त्यस्तै, ठूला बच्चाबाट ४० देखि ६० वर्ष उमेरका व्यक्तिमा सङ्क्रमण फैलने आशङ्का पनि छ।



वैज्ञानिकले कोरोनाबाट सङ्क्रमित अलग-अलग उमेरका कुल ६ हजार २ सय बच्चामाथि अध्ययन गरेका थिए। यसमा कुन कुन उमेरका बच्चा सामेल थिए, सङ्क्रमणाको खतरा र बचाउका तरीकाबारे वैज्ञानिकले आफ्नो शोधमा भनेका छन्:

बच्चाबाट ठूलाबडामा सङ्क्रमणको खतरा कति छ, यो बुझ्न अनुसन्धान शुरू भएको थियो। शोधकर्ताको टीमले जून २०२० देखि २१ डिसेम्बर २०२० सम्म ६ हजार २ सयवटा यस्ता घरमा गए, जहाँ बालबालिका सङ्क्रमित थिए। अनुसन्धानमा चार प्रकारका उमेर वर्ग सामेल थिए। पहिलो शून्यदेखि तीन वर्ष, दोस्रो चारदेखि आठ वर्ष, तेस्रो नौदेखि १३, चौथो १४ देखि १७। परिणाममा शून्यदेखि तीन वर्षका ७६६ सङ्क्रमित बच्चाबाट २३४ वटा घरका अन्य सदस्यसम्म सङ्क्रमण फैलिएको पाइयो। त्यस्तै, १४ देखि १७ वर्ष उमेरका १७,६३६ बच्चाबाट २.३७६ परिवारका सदस्यहरूमा कोभिड फैलिएको थियो।

अनुसन्धानकर्ताहरूको भनाइ छ हरेक एक लाख सङ्क्रमित ससाना बालबालिकाबाट ३० हजार ५४८ परिवारका सदस्य सङ्क्रमित हुने खतरा रहन्छ। अर्कोतर्फ किशोरबाट सङ्क्रमणको खतरा यसभन्दा कम रहन्छ।

**ससाना बालबालिकामा सङ्क्रमण फैलिने तीन प्रमुख कारण:** पहिलो, बच्चामा बढीजसो मामिलामा लक्षण देखिंदैन, दोस्रो एसिम्प्टोमैटिक भएको कारण जाँच पनि कम हुन्छ र तेस्रो उनीहरूको नाक र घाँटीमा भाइरसको सङ्ख्या बढी हुन्छ। अनुसन्धानकर्ताका अनुसार ससाना बालबालिकाको नाक र घाँटीमा बढी भाइरसको सङ्ख्या भएकाले सजिलै ठूला व्यक्तिमा कोभिड सर्छ।

बालबालिकामा यस्तो लक्षण देखियो भने चिकित्सकलाई देखाउनुपर्छ। १-२ दिनभन्दा बढी ज्वरो भएपछि सतर्क हुने, बच्चाको शरीरमा रातो चकता देखिन्छ, बच्चालाई झाडाबान्ताको समस्या हुन्छ, खोकी लागेपछि अनुहारको रङ्ग नीलो हुन्छ।

यदि बालबालिका सङ्क्रमित भएका छन् भने उनीहरूको हेरचाह गर्ने बेलामा मास्क लगाउनुपर्छ। बालबालिकालाई अन्य भाइबहिनीबाट टाढा राखेर रिपोर्ट नेगेटिभ नआएसम्म छुट्टै राख्नुपर्छ। बालबालिकालाई बाहिर निकाल्नुहुँदैन, बाहिर जानुपरेमा भीडभन्दा टाढा राख्नुपर्छ। दिनभरि थुप्रैपटक हात धुनुपर्छ। बालबालिकाको इम्युनिटी बढाउन चिकित्सकको सल्लाह लिनुपर्छ।

अनुसन्धानकर्ताको भनाइ छ कोरोनाको पहिलो लहरमा लकडाउन लागू गरियो। मानिस घरमा कैद भए। कोभिडको जाँचमा पनि उनीहरूमा लक्षण देखिएन। यसै कारण बच्चामा कोरोनाको जाँच कम भएको थियो।

### लङ कोभिडको कारण रगतको थक्का जम्छ

रोगीमा लङ कोभिड (लामो समयसम्म कोभिड) भएपछि रगतको थक्का जम्छ। यो दाबी आयरल्यान्डका वैज्ञानिकले आफ्नो अनुसन्धानमा गरेका छन्। वैज्ञानिकको भनाइ छ, शरीरमा थकान र शारीरिक क्रियाकलापमा बदलाव भएपछि रोगीले जाँच गराउनुपर्छ कि उनीरूमा रगतको थक्का जमेको त छैन।

अनुसन्धान गर्ने आयरल्यान्डको आरसिएसआई युनिभर्सिटी अफ मेडिकल एन्ड हेल्थ साइन्सका शोधकर्ताको भनाइ छ, हामीले लङ कोभिड भएका ५० जनाको अध्ययन गऱ्यौं। अनुसन्धानमा उनीहरूमा ब्लड क्लोटिङबारे जाँच गर्दा स्वस्थ मानिसको तुलनामा लङ कोभिडका रोगीमा थक्काको लागि जिम्मेवार क्लोटिङ मार्कर बढेको थियो। जो रोगी कोरोनाको सङ्क्रमणपछि अस्पतालमा भर्ना भएका थिए। उनीहरूमा यो क्लोटिङ मार्कर धेरै बढेको थियो।

लङ कोभिडको कुनै मेडिकल परिभाषा छैन। सजिलो भाषामा भन्नुपर्दा शरीरबाट भाइरस गएपछि पनि केही न केही लक्षण देखिन्छ। कोभिड-१९ का जुन रोगीको रिपोर्ट नेगेटिभ आएको छ, उनीहरूमा महीनौंसम्म पनि समस्या भइरहन्छ, यसलाई लङ कोभिड भनिन्छ।

शोधकर्ता हेलेन फोगार्टीको भनाइ छ, अनुसन्धानमा रगतको थक्का जम्नु पनि लङ कोभिड सिन्ड्रोमको एउटा लक्षण हो। यस्ता रोगीमा सुजनको मामिला घटिरहेको छ तर थक्का बढेको छ।

शोधकर्ता प्रा जेम्स ओ'डोन्नेलका अनुसार लङ कोभिडको असली कारणलाई बुझेपछि अब यसको असरदार उपचार गर्न सकिन्छ किनभने दुनियाँभरि लाखौं व्यक्ति यसबाट ग्रसित छन्।

लङ कोभिडका रोगीमा दुई सयभन्दा बढी लक्षण देखिएका छन्। युनिभर्सिटी कलेज लन्डनका शोधकर्ताको भनाइ छ, लङ कोभिडका रोगीमा १० अङ्गसँग सम्बन्धित दुई सयभन्दा बढी लक्षण देखिन सक्छन्। रिपोर्ट नेगेटिभ आएपछि जुन रोगीमा लक्षण देखिरहेको छ, वैज्ञानिकले उनीहरूमाथि अध्ययन गरे। रिपोर्ट अनुसार लङ कोभिडका रोगीमा थकान, बेचैनी, सोचविचार गर्ने क्षमता घट्नु, कम्पन, चिलाउनु, महिलाको महीनावारीमा बदलाव, सेक्सुअल डिस्फक्शन, हार्ट पेल्पिटेशन, युरिन स्टोर गर्ने ब्लाडरलाई नियन्त्रण गर्न नसक्नु, स्मरण धमिलो हुनु, धमिलो देखिनु, डाइरिया, कानमा आवाज सुनाउनु, दाद जस्ता लक्षण देखिएका छन्।

युनिभर्सिटी कलेज लन्डनका न्युरोसाइन्टिस्ट एथेना अक्रमी भन्छिन्, यस्ता रोगीमा अन्य लक्षण पनि देखिएका छन्। समय बित्दै जाँदा लक्षण देखिन शुरू हुन्छ। यो गति गम्भीर हुन्छ, दिनचर्यामा कस्तो असर गर्छ, यो पछि थाहा हुन्छ। अहिलेसम्म भएको अध्ययन अनुसार लङ कोभिडको मामिलाको लक्षण ३५ सातासम्म देखिन्छ। यस्तो हुने खतरा ९१.८ प्रतिशतसम्म रहन्छ। अनुसन्धानमा सामेल ३,७६२ रोगीमध्ये ३६०८ यानी करीब ९६ प्रतिशत रोगीमा यस्तो लक्षण ९० दिनसम्म पनि देखिन्छ। त्यस्तै, ६५ प्रतिशत रोगीमा १८० दिनसम्म लक्षण देखिएको थियो। -प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# विमानस्थलमा ठूलो सङ्ख्यामा मानिस अलपत्र

काबुल, २ भदौ/एएफपी

अफगानिस्तानको राजधानी अफगानिस्तानमा रहेका संयुक्त राष्ट्रसङ्घीय प्रतिनिधिले सो कुरा दिएको छ।


काबुल विमानस्थलमा अलपत्र अवस्थामा नागरिक। तस्वीरः एएफपी

काबुललाई यहाँका सशस्त्र विद्रोही समूह तालिबानले कब्जा गरेपछि यहाँ विभिन्न प्रान्तबाट विस्थापित भएर आएकाको भीड लागेको छ।

उनीहरू आफ्नो सुरक्षाको माग गर्दै यसअघि काबुलमा आएका थिए। अफगानिस्तानको राजधानी काबुलवरपरका प्रान्तमा तालिबानले कब्जा जमाएपछि उनीहरू भागेर त्यहाँ आएका हुन्।

तालिबानले गत महीनादेखि अफगानिस्तानको हेरात, घाज्नी, लागोर, कन्दाहार आदि प्रान्त कब्जा गर्दै आएका छन्। त्यस लगत्तै ती स्थानका नागरिक सुरक्षा खोज्दै काबुल आएका र अहिले पनि उनीहरू त्यहीं रहेका छन्।

बताएका हुन्। उनीहरूले काबुलका विभिन्न खुल्ला क्षेत्र र विमानस्थलमा हजारौं नागरिकको भीडभाड रहेको छ।

उता अफगानिस्तानको राजधानी काबुल नै तालिबानले कब्जा गरेपछि विदेशी नागरिक पनि आफ्नो देश फर्किन काबुलको विमानस्थलमा जम्मा भएका छन्।

आवश्यक मात्रामा उडान हुन नसक्दा हजारौं नागरिक विमानस्थलमैं बसेका छन्। ती अफगान र विदेशी नागरिकलाई संयुक्त राष्ट्रसङ्घीय सहायता एजेन्सीले सहायता प्रदान गरिरहेको जनाइएको छ।

उनीहरूलाई आवश्यक पर्ने खाद्यान्न तथा बस्ने व्यवस्थाका लागि सो एजेन्सीले काम गरिरहेको सो एजेन्सीले जानकारी दिएको छ।

उपस्थित ठूलो सङ्ख्याका विदेशी नागरिक स्वदेश फर्किन चाहे पनि आवश्यक मात्रामा उडान नहुँदा समस्या भएको छ।

केही मात्रामा विदेशी नागरिकको सङ्ख्या घटेको भएपनि अझै धेरै मानिस त्यहाँ रहेका राजधानी काबुलबाट प्राप्त भएका समाचारमा जनाइएको छ।

### अफगानिस्तानबारे मिलेर अघि बढ्ने अमेरिकी राष्ट्रपति र बेलायतका प्रधानमन्त्रीको भनाइ

लन्डन/एएफपी

अफगानिस्तानमा भएको पछिल्लो विकसित परिस्थितिका विषयमा अमेरिकी राष्ट्रपति जो बाइडेन र बेलायतका प्रधानमन्त्री बोरिस जोन्सनबीच फोनवार्ता भएको छ।

उनीहरूबीच मङ्गलवार फोनवार्ता भएको बेलायतका प्रधानमन्त्रीको सचिवालयले जानकारी दिएको छ। उनीहरूकाबीचमा हालै अफगानिस्तानबाट अमेरिकीसहित नेटो सेना फर्किएको विषय र त्यसपछि तालिबानीले अफगानिस्तान कब्जा गरेको विषयमा कुराकानी भएको थियो।

सो क्रममा उनीहरूले एकापसमा उक्त अप्ठेरो परिस्थितिमा अफगानिस्तानबाट आफ्ना नागरिक स्वदेश फिर्ता गर्नका लागि गरेको सहायताप्रति धन्यवाद पनि दिएका थिए।

उनीहरूले फोनवार्ताका क्रममा अबका दिनमा अफगानिस्तानका विषयमा आफू कसरी अघि बढ्ने भन्नेबारेमा पनि कुराकानी गरेको बताइएको छ।

आगामी दिनमा अफगानिस्तानमा तालिबानले सत्ता सञ्चालन गर्ने स्पष्ट भइसकेको भएपनि आगामी दिनमा अफगानिस्तानका विषयमा एकापसमा मिलेर अघि बढ्ने विषयमा सहमति भएको पनि सो समाचारमा जनाइएको छ।

उनीहरूले अफगानिस्तानबाट बाहिरिन चाहेका विदेशी नागरिकलाई त्यहाँबाट उद्धार गर्नका लागि पनि संयुक्तरूपमा सहायता प्रदान गर्ने बताएका थिए।

त्यसैगरी, आगामी दिनमा अफगानिस्तानमा आउन सक्ने मानवीय सङ्कटको समाधानका लागि दुई देशले मिलेर काम गर्ने र विश्व समुदायलाई पनि यस विषयमा आवश्यक मात्रामा समन्वय गरेर अघि बढ्ने उनीहरूले बताएको सो समाचारमा जनाइएको छ। रासस

# हाइटीमा भूकम्पमा १९४१ जनाको मृत्यु

लेस केयेस, हाइटी, २ भदौ/एएफपी

गत शनिवार हाइटीमा गएको ७.२ रेक्टर स्केलको भूकम्पमा परी मृत्यु हुनेको सङ्ख्या एक हजार ९४१ पुगेको क्यारेबियन राष्ट्रको नागरिक सुरक्षा निकायले मङ्गलवार जानकारी दिएको छ।

यस भूकम्पमा परी नौ हजार ९०० भन्दा बढी व्यक्ति घाइते भएका समाचारमा जनाइएको छ।

यसैबीच भूकम्प गएको तीन दिनपछि हाइटीमा अवस्थित शान्ति भवनबाट १६ जनालाई जीवित उद्धार गरिएको छ।

यस भूकम्पको केन्द्रबिन्दु दक्षिणी शहर लेस केयेसबाट उत्तरपश्चिम ४१ किलोमिटर टाढा रहेको स्थानमा ३० किलोमिटर गहिराइमा रहेको बताइएको छ।

भूकम्पका कारण ६० हजारभन्दा बढी घर भत्किएका छन् भने ७६ हजार क्षतिग्रस्त भएका छन्। कमजोर संरचना भएका केही जेल तथा थुप्रै सामुदायिक विद्यालयलगायतका भवन भत्किएका छन्।

यस प्रकोपको कारण पाँच लाखभन्दा बढी बालबालिका प्रभावित भएका संयुक्त राष्ट्रसङ्घको बालबालिका एजेन्सी युनिसेफले जनाएको छ।

हाइटीको सरकारले भूकम्पपछिको अवस्थालाई व्यवस्थित गर्न एक महीना लामो राष्ट्रिय सङ्कटकाल घोषणा गरेको छ। रासस

# भारतमा मङ्गलवार थप ३५ हजार १७८ कोरोना सङ्क्रमित थपिए

नयाँ दिल्ली, २ भदौ/एएनआई

भारतमा पछिल्लो २४ घण्टामा ३५ हजार १७८ थप सङ्क्रमित थपिएका स्वास्थ्य र परिवार कल्याण मन्त्रालयले बुधवार जानकारी दिएको छ।

अहिले यहाँ सक्रिय सङ्क्रमित अवस्थामैं रहेकाको सङ्ख्या तीन लाख ६७ हजार ४१५ रहेको सो मन्त्रालयले जनाएको छ। यो सङ्ख्या सन् २०२० को मार्चपछिकै सबैभन्दा कम भएको अधिकारीले जनाएका छन्। सक्रिय सङ्क्रमितको यो सङ्ख्या कुल सङ्क्रमितमध्येको १.१४ प्रतिशत हो।

भारतमा अहिलेसम्म कोरोना भाइरसका कारण मृत्यु भएकाको कुल सङ्ख्या चार लाख ३२ हजार ५१९ रहेको छ भने तीमध्ये ४४० जनाको पछिल्लो २४ घण्टामा मृत्यु भएको हो।

मन्त्रालयका अनुसार पछिल्लो एक दिनमा ३७ हजार १६९ जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। योसँगै सङ्क्रमणमुक्त भएकाको कुल सङ्ख्या तीन करोड १४ लाख ८५ हजार ९२३ पुगेको छ।

कुल सङ्क्रमितमध्ये ९७.५२ प्रतिशत सङ्क्रमित सङ्क्रमणमुक्त भएका छन्। भारतमा अहिलेसम्म कुल सङ्क्रमितको सङ्ख्या तीन करोड २२ लाख ८५ हजार ८५७ पुगेको छ।

यही अगस्त १७ सम्ममा भारतमा ४९ करोड ८४ लाख २७ हजार ८३ वटा स्वाब परीक्षण गरेको भारतीय चिकित्सा अनुसन्धान परिषद्ले जनाएको छ। तीमध्ये १७ लाख ९७ हजार ५५९ जनाको पछिल्लो एक दिनमा परीक्षण गरिएको हो।

भारतमा गत १६ जनवरीदेखि कोरोना भाइरसविरुद्ध खोप अभियान शुरू भएको थियो। सो समयदेखि हालसम्म ५६ करोड छ लाख ५२ हजार ३० मात्रा खोप लगाइएको छ। पछिल्लो २४ घण्टाको समयावधिमा ५५ लाख पाँच हजार ७५ मात्रा खोप लगाइएको पनि स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ। रासस




### रानीघाट-पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

### आजको राशिफल

| | |
|---|---|
| मेष – प्रगति | वृष – रोगभय |
| मिथुन – व्यापारलाभ | कर्कट – कडाश्रम |
| सिंह – ज्ञानोदय | कन्या – भयचिन्ता |
| तुला – मित्रमिलन | वृश्चिक – अतिथिआगमन |
| धनु – सुयश | मकर – खर्चवृद्धि |
| कुम्भ – धनलाभ | मीन – सफलता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# जीराभवानीका काँवरिया जल भर्न ठोरी गए

प्रस, सेढवा, २ भदौ/

पर्साको जीराभवानी गाउँपालिकाबाट करीब दुई सय काँवरियाहरू जल भर्न बुधवार बिहान ठोरी प्रस्थान गरेका छन्।

जीराभवानी गाउँपालिका अन्तर्गतका सेढवा, जीतपुर, सहजानपुर, नौकाटोला, सुपौली, परसवा, महादेवपट्टि, पकडीटोल, भवानीपुर तथा जगरनाथपुर गाउँपालिकाका पिपडाढीका करीब दुई सय काँवरिया ठोरी पुगेको बाबा बटेश्वरनाथ काँवरिया सङ्घका सदस्य राजेश्वर यादवले बताए।

ठोरी गाउँपालिकामा रहेका सीता गुफा तथा अन्य पर्यटकीय स्थलको अवलोकन गरी बिहीवार बिहान ठुटे खोलाबाट जल भर्ने कार्यक्रम रहेको यादवले बताए।

जल भरी काँवर बोकेर ठोरीदेखि पैदलयात्रा गरी बाघमोर्चामा बास बस्ने कार्यक्रम रहेको छ।



जल भर्न ठोरी पुगेका काँवरियाहरू। तस्वीरः प्रतीक


ठोरी बजार समिति, रामजन्मभूमि क्षेत्र विकास समिति र स्थानीयले काँवरियाहरूको स्वागतमा आयोजित गरेको कार्यक्रमको दृश्य। तस्वीरः प्रतीक

साउन महीनाको त्रयोदशीका दिन जीराभवानी मन्दिरमा जल चढाउने परम्परा रहिआएको छ।

यसअघि नवलपरासीको त्रिवेणीबाट जल भर्ने गरिएको थियो। तर गत वर्षदेखि कोभिडका कारण लकडाउन लाग्दा काँवरियाहरूले स्थानीय खोलाबाट जल चढाउने गरेका छन्।

# वीरगंज र रक्सौलका उद्योगीबीच छलफल

प्रस, वीरगंज, १ भदौ/

वीरगंज उद्योग वाणिज्य सङ्घका पदाधिकारी तथा भारत, रक्सौलस्थित चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रिजका पदाधिकारीहरूबीच रेलवेका समस्याबारे छलफल गरिएको छ।

छलफलमा रक्सौल च्याम्बरका अध्यक्ष अरुण गुप्ता र महासचिव आलोककुमार श्रीवास्तवले सांसद र एडिआरएमलाई ज्ञापनपत्र बुझाउँदै रक्सौलबाट दरभङ्गासम्म चल्ने सत्याग्रह एक्सप्रेसलाई रेलवेको योजनामा रोक लगाउन माग गरेका छन्।

चेम्बरका पदाधिकारीहरूले सत्याग्रह रक्सौलको जीवनरेखा भएको र यसलाई दरभङ्गामा लैजानु यहाँका जनतामाथि अन्याय भएको बताए। वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुबोधकुमार गुप्ताको नेतृत्वको टोलीले रक्सौलबाट सुपरफास्ट ट्रेन चलाउन र रक्सौल विमानस्थल शुरू गर्न माग गरेको छ।


वीरगंज र भारत, रक्सौलका उद्योगीबीच छलफल हुँदै। तस्वीरः सौजन्य

टोलीमा वरिष्ठ उपाध्यक्ष अनिलकुमार अग्रवाल (पटवारी), उपाध्यक्ष हरि गौतम, माधव राजपाल सहभागी थिए।

# किशोरीको हत्या भएको खुलासा, दुईजना पक्राउ

प्रस, सर्लाही, २ भदौ/

सर्लाहीको लालबन्दीमा मृत फेला परेकी किशोरीको हत्या भएको खुलेको छ।



हत्यामा संलग्न रहेको आरोपमा प्रहरीले दुईजनालाई पक्राउ गरेको छ।

बितेको आइतवारदेखि हराइरहेकी लालबन्दी नगरपालिका वडा नं १७, रानीगंज निवासी १६ वर्षीया प्रियङ्का भुजेल मङ्गलवार मृत फेला परेकी थिइन्। उनको शव लालबन्दी–६ स्थित कालिञ्जोर खोलाछेउमा गाडिएको अवस्थामा फेला परेको थियो।

मृतक प्रियङ्काको हत्या गरेको खुलेको जिप्रका सर्लाहीका प्रहरी प्रवक्ता प्रनाउ माधवप्रसाद बुढाथोकीले जानकारी दिएका छन्। हत्यामा संलग्न रहेको आरोपमा प्रहरीले दुईजनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा लालबन्दी नगरपालिका वडा नं १७ का १८ वर्षीय किसन साह र १९ वर्षीय अनिष दाहाल छन्। उनीहरूले प्रियङ्काको हत्या गरी शव गाडेको स्वीकारेका छन्।

हत्याको कारणबारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी प्रवक्ता बुढाथोकीले बताएका छन्।

किशोरीको शवलाई शल्यपरीक्षणका लागि जिल्ला अस्पताल मलङ्गवा पठाइएको र सोको रिपोर्ट आएपछि अनुसन्धान सहज हुने प्रहरीको भनाइ छ।

# बज्जिका भाषामा पहिलो दैनिक प्रकाशित

प्रस, गरुडा, २ भदौ/

रौतहटको कटहरियाबाट बज्जिका भाषाको पहिलो दैनिक पत्रिका प्रकाशन भएको छ।

नेपाल र भारतमा दुई करोडभन्दा बढी बज्जिका मातृभाषी रहेको दाबी गरिएको बज्जिका भाषामा बज्जिकाञ्चल दैनिक प्रकाशन हुन थालेको हो।

बज्जिकाञ्चल मिडिया प्रालिद्वारा प्रकाशित बज्जिकाञ्चल दैनिकको सञ्चालकमा राजुकुमार श्रीवास्तव रहेका छन्।

अनेक समस्या र चुनौती हुन्छन् भन्ने जान्दाजान्दै पत्रकारितामार्फत मातृभाषाको सेवा गर्ने उद्देश्यले बज्जिकाञ्चल दैनिकको प्रकाशन आरम्भ गरेको श्रीवास्तवले बताएका छन्।

# वीरगंज कारागारमा भौतिक संरचनाको उद्घाटन

प्रस, वीरगंज, २ भदौ/

निजी क्षेत्रले दिएको रु ७० लाख


तस्वीरः प्रतीक

आर्थिक सहयोगमा वीरगंज कारागारमा विभिन्न भौतिक निर्माणका कार्य भएको छ। कारागारमा १० केभिए क्षमताको स्वचालित जेनेरेटर जडान भएको कारागार प्रमुख कृष्ण गैरेले बताए। त्यस्तै, कारागारमा पुरुष ब्लकतर्फ भान्सा घर मर्मतसम्भार तथा २४० शय्याको शयन कक्ष निर्माण भएको प्रमुख गैरेले बताए।

त्यस्तै, कारागारको पुरुष ब्लकमा एलइडी टिभी जडान गरिएको, शौचालय र सैलुन कक्षको मर्मत गरिएको छ भने महिला ब्लकतर्फ तीनवटा आधुनिक स्नानघर निर्माण भएको, एलइडी टिभी जडान गरिएको छ।

महिला ब्लकको भान्सा र बाथरूम मर्मतमा कैदीबन्दीहरूले श्रमदान गरेको आन्तरिक प्रशासन प्रमुख फिरोज अन्सारीले बताए।

बुधवार एक कार्यक्रमका बीच प्रमुख जिल्ला अधिकारी पीताम्बर घिमिरे र जेलर गैरेले उक्त भौतिक संरचनाको उद्घाटन गरेका थिए।

कार्यक्रममा नेपाली सेनाका मेजर नैना बस्नेत, प्रनाउ प्रह्लाद कार्की, कारागारका नवराज बर्तौलालगायतको सहभागिता थियो।

वीरगंज कारागारलाई जगदम्बा स्टील, शिवशक्ति घ्यू उद्योग, लक्ष्मी नारायणी ट्रेडिङ, अप्सरा सेनेटरी, तुलसी टायल्स, राजकुमार दारुका, पवन अग्रवाल, डिएन अग्रवाल, अशोक लाठ, नारायणी स्ट्रीप्सलगायतले आर्थिक सहयोग गरेका थिए।

# खेलकूदको संसार

## सन्दीप लामिछानेको सिपिएल खेल्ने सम्भावना न्यून

काठमाडौं, २ भदौ/रासस

नेपाली राष्ट्रिय टोलीका स्पिनर सन्दीप लामिछानेले अर्को सातादेखि वेस्टइन्डिजमा हुने क्यारेबियन प्रिमियर लिग (सिपिएल) टी–ट्वान्टी क्रिकेट खेल्ने सम्भावना न्यून बनेको छ।




सिपिएलकै समयमा नेपाली राष्ट्रिय क्रिकेट टोलीको अन्तर्राष्ट्रिय खेल पर्ने भएपछि सन्दीपको सिपिएल खेल्ने सम्भावना कमजोर बन्दै गएको सन्दीपका व्यवस्थापक रमन सिवाकोटीले बताए। उनले राष्ट्रिय टोलीको महत्त्वपूर्ण सदस्यका रूपमा रहेका सन्दीप राष्ट्रिय टोलीको प्रशिक्षणमा व्यस्त हुनुपर्ने भएकाले पनि सिपिएल खेल्ने सम्भावना कमजोर बन्दै गएको उल्लेख गरे। सन्दीप सिपिएल २०२१ मा ट्रिनबेगो नाइट राइडर्समा अनुबन्ध भएका थिए।

सिपिएल अगस्त २६ देखि सेप्टेम्बर १५ सम्म सञ्चालन हुनेछ। नेपालले ओमानमा नै हुने आइसिसी विश्वकप लिग–२ अन्तर्गत ओमान र अमेरिकासँग त्रिकोणात्मक एक दिवसीय सिरिज खेल्दैछ। त्रिकोणात्मक सिरिज सेप्टेम्बर १३ देखि २० सम्म चल्नेछ।

त्रिकोणात्मक सिरिज खेल्नुअघि नेपालले पपुवा न्युगिनीसँग सेप्टेम्बर ५ र ८ तारिखमा दुई खेलको एक दिवसीय अन्तर्राष्ट्रिय सिरिज खेल्नेछ। दुवै खेल ओमनमा नै हुनेछ।

सन्दीपले यसअघि तीन सिजनको सिपिएल खेलिसकेका छन्। उनले गत सिजन जमैका तलावाजबाट खेलेका थिए। त्यसअघि सन्दीपले सेन्ट किट्स एन्ड नेभिस प्याट्रिओट्स र बार्बाडोस ट्राइडेन्ट्सबाट खेलेका थिए।

# छात्राहरूलाई साइकल वितरण

प्रस, पंचगावाँ, २ भदौ/

मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ अभियान अन्तर्गत बुधवार पटेर्वासुगौली गापा–३ लक्ष्मीपुरस्थित नेरा आधारभूत विद्यालयमा अध्ययनरत कक्षा ८ का छात्राहरूलाई साइकल वितरण गरिएको छ।

प्रदेशसभा सदस्य भीमा यादवले सातजना छात्रालाई साइकल वितरण गरेकी हुन्।






छात्राहरूलाई अध्ययनमा विभेद भइरहेको र उनीहरूलाई मूलधारमा ल्याउन प्रदेश सरकारले विभिन्न कार्यक्रमहरू गर्दै आएको र त्यसमध्ये साइकल विरतण कार्यक्रम रहेको प्रदेशसभा सदस्य यादवले बताइन्।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चन्द्रदेवदेवी उरावको अध्यक्षतामा भएको कार्यक्रममा सलाउद्दीन अहमद, रामनरेश यादव, दीपक यादव, भरत गिरी, विजय गैरे, शम्भु साहलगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण सूर्य कँडेलले गरेका थिए।

# रक्सौलको प्रमुखमा चन्दादेवी निर्विरोध


तस्वीरः प्रतीक

राजेश केशरीवाल, रक्सौल, २ भदौ/

रक्सौल नगरपालिकाको प्रमुखमा चन्दादेवी निर्विरोध निर्वाचित भएकी छन्।

निवर्तमान नगरप्रमुख उषादेवी पदच्युत भएपछि सो पदका लागि एक महीनापछि बुधवार भएको चुनावमा उनको मात्र उम्मेदवारी परेपछि निर्विरोध निर्वाचित भएकी हुन्।

निवर्तमान नगरप्रमुख उषादेवीविरुद्ध अविश्वासको प्रस्ताव दर्ता भएको थियो। सोमा उनी असफल भएपछि निर्वाचन भएको हो।

रक्सौल नगरपरिषद्मा २५ वटा वडा छन्। निर्वाचित चन्दादेवी वडा नं १३ की अध्यक्ष हुन्। रक्सौल नगरपरिषद्को विधान अनुसार वडाध्यक्षबाट नगरप्रमुख निर्वाचित गर्ने प्रक्रिया छ। सोही प्रक्रिया अनुरूप वडाध्यक्ष चन्दादेवी नगरप्रमुखमा निर्वाचित भएकी हुन्।

निर्विरोध निर्वाचित भएकी चन्दादेवीले रक्सौलको विकासलाई पहिलो प्राथमिकतामा राखेर काम गर्ने बताइन्। उनले आफ्नो सम्पूर्ण काम पारदर्शी बनाउनेतर्फ इमानदार प्रयास रहने घोषणा गरिन्।

# रक्त सञ्चार केन्द्रलाई फ्रिज सहयोग

प्रस, वीरगंज, २ भदौ/

वीरगंज महानगरपालिकाले रक्त सञ्चय हुने फ्रिज हस्तान्तरण गरिएको हो।


तस्वीरः प्रतीक

सञ्चार केन्द्र वीरगंजलाई फ्रिज सहयोग गरेको छ।

महानगरमा आयोजित कार्यक्रममा नगरप्रमुख विजयकुमार सरावगी र प्रमुख प्रशासकीय अधिकृत प्रदीप निरौलाले रक्त सञ्चार केन्द्र वीरगंजकी संयोजक मधु राणा र नेपाल रेडक्रस सोसाइटी पर्साका सभापति वीरेन्द्रराज कँडेललाई फ्रिज हस्तान्तरण गरे। तीन सय पिन्ट रगत

रक्त सञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले महानगरपालिकाले तीन सय पिन्ट रगत सञ्चय हुने फ्रिज उपलब्ध गराएसँगै केन्द्रमा अब आठ सय पिन्ट रगत सञ्चय हुने बताए। यसअघि केन्द्रमा पाँच सय पिन्ट सञ्चय हुने दुई वटा फ्रिज चालू अवस्थामा रहेको उनले जानकारी गराए।

# फोहर व्यवस्थापनको लागि डस्टबिन वितरण

प्रस, वीरगंज, २ भदौ/

वीरगंज महानगरपालिकाले फोहर व्यवस्थापनको लागि डस्टबिन वितरण कार्य जारी राखेको छ।


तस्वीरः प्रतीक

वीरगंज महानगर सफाइ महाशाखाका प्रमुख राजु साहले महानगरको पुरानो १६ वटा वडामा पहिलो चरणमा १७ हजार डस्टबिन वितरण गर्ने योजना रहेको र सोहीअनुरूप वितरण जारी रहेको बताए।

मङ्गलवार वडा नं ११ र १४ का प्रत्येक घरमा कुहिने र नकुहिने फोहर व्यवस्थापनको लागि प्रतिघर दुईवटा डस्टबिन वितरण गरिएको सफाइ महाशाखाका सर्फुद्दीन मियाँले बताए। महानगरपालिकालाई फोहरमुक्त गर्न घरबाट फालिने फोहर व्यवस्थापन होस् भन्ने उद्देश्यले केन्द्रीय सरकारको सहयोगमा डस्टबिन वितरण कार्य महानगरपालिकाले शुरू गरेको हो।




# मास्क लगाउन नगरप्रमुखको आग्रह

प्रस, वीरगंज, २ भदौ/

वीरगंज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीले कोरोनाविरुद्धको लडाइँमा मास्क र सामाजिक दूरी अत्यन्त आवश्यक भएको बताएका छन्।


नगरप्रमुख विजयकुमार सरावगी

बुधवार नेपाल युवा उद्यमी मञ्चले आयोजना गरेको ‘मास्क लगाऔं’ अभियानका प्रमुख अतिथि नगरप्रमुख सरावगीले वीरगंजमा सङ्क्रमण घट्दै गए पनि लापरवाही गर्न नहुने भन्दै सबैलाई मास्क लगाउन आग्रह गरे।

उनले सबैलाई मास्कको प्रयोग गर्न, भौतिक दूरी कायम गर्न, सरसफाइमा ध्यान दिन र साबुनपानीले हात धुन आग्रह गरे।

वीरगंजमा ‘तपाईंको मास्क खोइ’ अभियान नेपाल प्रहरीको अगुवाइमा साताव्यापीरूपमा जारी छ।

# अध्यादेशविरुद्ध एमालेको मशाल जुलुस

प्रस, सप्तरी, २ भदौ/

दल विभाजनसम्बन्धी अध्यादेशको विरोधमा नेकपा एमालेको जनवर्गीय सङ्गठन युवा सङ्घ नेपालले सप्तरीको सदरमुकाम राजविराजमा मशाल जुलुस प्रदर्शन गरेको छ।

बुधवार युवा सङ्घले राजविराजमा मशाल जुलुस प्रदर्शन गरेको हो। युवा सङ्घ सप्तरीका अध्यक्ष चित्तरञ्जन यादवको नेतृत्वमा जुलुस प्रदर्शन भएको थियो। नगरका विभिन्न स्थानबाट निकालिएको मशाल जुलुस जनआन्दोलन चोकमा पुगेर कोणसभामा परिणत भएको थियो।

कोणसभामा वक्ताहरूले मुलुकलाई निर्दलीयतातर्फ लाने र दलप्रति नै वितृष्णा जगाउने किसिमको अध्यादेश लोकतन्त्रको लागि घातक रहेको तर्क गर्दै जारी अध्यादेश खारेज नभए सशक्त आन्दोलनमा उत्रने चेतावनी दिएका छन्।